

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर विज्ञापन शाखा

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : १३७ ★ ने. सं. ११४६ अनला गा, नवमी ★ मङ्गलबार ★ २६ जेठ, २०८३ ★ June 9, 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# देशमा वैदेशिक हस्तक्षेप कायम रहेको छ : अध्यक्ष रोहित




भक्तपुर, २५ जेठ । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले देशमा वैदेशिक हस्तक्षेप कायम रहेको बताउनुभएको छ ।

भदौ २३ र २४ गतेको घटनाको तयारी तीनचार महिनाअगाडि नै भएको हुनुपर्ने भन्दै उहाँले दुईदिनभित्र सिंहदरबारलगायत देशभरका सयौँ संरचना ध्वस्त गराउन कम्तीमा ३ लाख मानिस नभई हुन्नथ्यो, यी सबैको निम्ति गुप्त योजना बनाइएको बताउनुभयो ।

संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) ले सोमबार आयोजना गरेको कार्यक्रममा बोल्दै अध्यक्ष रोहितले विगतमा सरकारमा बसेका पार्टीहरूका एकतिहाइ केन्द्रीय सदस्यहरू विदेशीका गुप्तचर भएको प्रस्ट पार्नुभयो । उहाँले रुसी कम्युनिस्ट पार्टीमा समेत विदेशीको गुप्तचर पुगेर स्तालिनलाई विष प्रयोग गरेको र स्तालिनपछिको सम्भावित नेता किरोभको हत्या गरेको उदाहरण प्रस्तुत गर्नुभयो ।

अध्यक्ष रोहितले अहिलेको सरकार आएपछि विदेशी ऋण झन् बढेको उल्लेख गर्दै भदौ २३ र २४ मा १ खर्ब रुपियाँभन्दा बढीको क्षतिपूर्ति गर्न अझ ऋणको भार थपिने उल्लेख गर्नुभयो । उहाँले ऋण दिएर घरखेत हडपेजस्तैको हालत नेपालीको हुने धारणा राख्नुभयो । नयाँ मानिसको नाममा जालसाजी भइरहेको चर्चा गर्दै अध्यक्ष रोहितले केही नबुझ्ने नयाँको अर्थ नभएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नयाँ पुस्ता आउँदैमा राम्रो हुन्छ भन्ने कुराको ग्यारेन्टी हुँदैन, मुख्य कुरा योग्य हुनुपर्‍यो ।"

कार्यक्रममा इसानका संस्थापक अध्यक्ष एवम् सल्लाहकार सरोजराज गोसाईले सरकारले शिक्षामा अत्यन्तै न्यून बजेट विनियोजन गरेको उल्लेख गर्दै देशको संविधानको मर्मविपरीत शिक्षा कर फेरि लागू गरेको बताउनुभयो ।

इसानका उपाध्यक्ष सनकमान महर्जनले सरकारले सबै संस्थागत विद्यालयलाई एउटै डालोमा राखेर हेर्नु गलत भएको तर्क गर्नुभयो ।

इसानका कोषाध्यक्ष उकेश कवांले शिक्षा करविरूद्ध एकजुट हुनुपर्ने भनाइ राख्नुभयो ।

आयोजक समितिका अध्यक्ष प्रेमजन थापाश्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा केन्द्रीय सदस्य लिसा प्रजापतिले शुभकामना व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा इसानअन्तर्गतका विद्यालयबाट २०८२ को विद्यालय शिक्षा परीक्षामा उत्कृष्ट नतिजा ल्याउने प्रत्येक विद्यालयका विद्यार्थीलाई प्रशंसापत्र वितरण तथा १० वर्षभन्दा बढी सेवा गर्ने शिक्षक तथा कर्मचारीलाई धन्यवाद पत्र वितरण गरिएको थियो ।

# शिक्षालाई सीपसँग जोड्न सके बेरोजगारी दर घट्ने




भक्तपुर, २५ जेठ । 'चार वर्षमा चार सीप' प्रदान गर्ने नीतिअन्तर्गत वागीश्वरी कलेजमा स्नातक तह बीबीएस चौथो वर्षमा अध्ययनरत विद्यार्थीमा व्यवसायिक सीप अभिवृद्धिका लागि सञ्चालित 3 credit (50 Hours) Non-Credit Course Excel and Tally Bootcamp सम्बन्धी तालिम सोमबार सम्पन्न भयो ।

कलेजमा आयोजित सीप विकास तालिम समापन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शिक्षालाई सीपसँग जोड्न सके बेरोजगारी दर घट्ने बताउँदै हरेक व्यक्तिसँग शिक्षा र सीप भए आत्मनिर्भर बन्न सकिने धारणा राख्नुभयो ।

वागीश्वरी कलेजले स्तरीय शिक्षासँगै अनुशासित, देशभक्त, आत्मनिर्भर तथा स्वाभिमानी नागरिक उत्पादन गर्ने उद्देश्यका साथ शिक्षालाई उत्पादनमूलक श्रम र सीपसँग जोडेर अघि बढिरहेको उल्लेख गर्दै उहाँले सीपले जीविकोपार्जन गर्न सहयोग पुग्ने बताउनुभयो ।

केही कलेजहरू विदेशी श्रम बजारका लागि सस्तो जनशक्ति उत्पादन गर्ने कारखानाजस्तो बनेकोमा चिन्ता व्यक्त गर्दै उहाँले वागीश्वरी कलेजले त्यस्तो प्रवृत्तिविपरीत काम गरिरहेको बताउनुभयो ।

देश विदेशको वर्तमान राजनीतिक प्रसङ्गमा प्रमुख प्रजापतिले फागुन २१ गतेको निर्वाचनपछि बनेको नयाँ सरकारका सरकार प्रमुख संसद्प्रति उत्तरदायी हुनुपर्नेमा जोड दिनुभयो ।

महाकाली, कोसी, गण्डक तथा कर्णालीलगायत जलस्रोत तथा सीमासम्बन्धी विषयमा नेपालले दृढ अडान लिनुपर्ने भनाइ व्यक्त गर्दै उहाँले संसद्जस्तो गरिमामय स्थानबाट नेपालले भारतको भूमि मिचेको भन्ने अभिव्यक्ति दिनु भारतसामु लम्पसार पर्ने र आत्मसमर्पण गर्ने प्रवृत्ति हो भन्नुभयो ।

उहाँले सिक्किमको इतिहासबाट पनि नेपालले शिक्षा लिनुपर्ने उल्लेख गर्दै राष्ट्रिय हित र सार्वभौमिकताको संरक्षणमा सबै नागरिक सचेत रहनुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले तालिममा विद्यार्थीलाई उत्कृष्ट ज्ञान तथा सीप प्रदान गर्नुहुने स्रोतव्यक्ति नवीन प्रजापतिलाई विशेष धन्यवाद व्यक्त गर्दै तालिम सफलतापूर्वक पूरा गरी प्रमाणपत्र प्राप्त सबै विद्यार्थीलाई उज्ज्वल भविष्यको लागि शुभकामना दिनुभयो ।

वागीश्वरी माविका प्रअ कृष्णप्रसाद कर्माचार्यले वागीश्वरीले सहकार्य र समन्वयमा आफ्ना कार्यक्रमहरू अगाडि बढाउँदै आएको विचार व्यक्त गर्दै विद्यार्थीले प्राप्त गरेको सीप प्रयोग गरी उज्ज्वल भविष्य निर्माण गर्न सकोस्

*बाँकी पृष्ठ ८ मा*

# चीन–प्रजग कोरिया सम्बन्धमा नयाँ मोड



प्याङयाङ, २५ जेठ (एपी/सिन्ह्वा) । चीनका राष्ट्रपति सी चिनफिङ सात वर्षपछि पहिलोपटक प्रजातान्त्रिक जनगणतन्त्र (उत्तर) कोरियाको राजधानी प्योङयाङ पुग्नुभएको छ । दुईदिने राजकीय भ्रमणको क्रममा उहाँले प्रजग कोरियाली नेता किम जोङ उनसँग उच्चस्तरीय वार्ता गरी द्विपक्षीय सम्बन्ध, आर्थिक सहकार्य र क्षेत्रीय सुरक्षाका विषयमा छलफल गर्ने कार्यक्रम रहेको छ । विश्लेषकहरूका अनुसार यो भ्रमणले प्रजग कोरियामाथि चीनको प्रभाव पुनः बलियो बनाउने र बदलिँदो अन्तर्राष्ट्रिय शक्ति सन्तुलनमा पेइचिङको भूमिका थप स्पष्ट पार्ने अपेक्षा गरिएको छ ।

राष्ट्रपति सीसँग उहाँकी पत्नी पेङ लियुआन, विदेशमन्त्री वाङ यी तथा चिनियाँ कम्युनिस्ट पार्टीका वरिष्ठ अधिकारीहरू पनि प्योङयाङ पुग्नुभएको छ । गत वर्ष पेइचिङमा भएको भेटपछि राष्ट्रपति सी र नेता किमबिचको यो पहिलो औपचारिक शिखर वार्ता हो ।

भ्रमणको विस्तृत कार्यसूची सार्वजनिक नगरिए पनि जानकारहरूका अनुसार वार्ताको केन्द्रमा चीन-प्रजग कोरिया सम्बन्धको सुदृढीकरण, आर्थिक सहयोग विस्तार तथा क्षेत्रीय सुरक्षा अवस्था रहने अनुमान छ । दुवै देशले पछिल्ला वर्षमा अमेरिकासँग छुट्टाछुट्टै तनाव सामना गरिरहेको बेला पुरानो रणनीतिक साझेदारीलाई पुनः सक्रिय बनाउन खोजिरहेका छन् ।

यो भ्रमण अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग सी चिनफिङले गत महिना गरेको शिखर वार्तापछि भएको हो । आगामी महिनाहरूमा सी र ट्रम्पबिच पुनः भेटवार्ता हुने अपेक्षासमेत गरिएको छ । विश्लेषकहरूका अनुसार प्रजग कोरियामाथिको प्रभाव प्रदर्शन गर्न सक्नु चीनका लागि अमेरिकासँगको कूटनीतिक प्रतिस्पर्धामा महत्त्वपूर्ण पक्ष बन्न सक्छ ।


चीन लामो समयदेखि प्रजग कोरियाको प्रमुख आर्थिक साझेदार र कूटनीतिक समर्थक रहँदै आएको छ । अन्तर्राष्ट्रिय प्रतिबन्धका बाबजुद पेइचिङले प्योङयाङसँगको आर्थिक सम्बन्ध कायम राखेको छ । यस वर्ष दुवै देशबिचको पारस्परिक रक्षा सन्धिले ६५ वर्ष पूरा गरेको छ । यद्यपि पछिल्ला वर्षहरूमा प्रजग कोरियाले रुससँगको सम्बन्ध तीव्र रूपमा विस्तार गरेपछि चीन-प्रजग कोरिया सम्बन्धको अवस्थाबारे प्रश्न उठ्न थालेका थिए । युक्रेन युद्धको क्रममा प्रजग कोरियाले रुसलाई सैन्य सहयोग दिएको र बदलामा आर्थिक तथा सैन्य सहायता प्राप्त गरेको विवरण सार्वजनिक हुँदै आएका छन् । यस्तो अवस्थामा सीको भ्रमणलाई चीनले आफ्नो परम्परागत प्रभाव पुनः सुदृढ गर्न खोजेको सङ्केतका रूपमा हेरिएको छ ।

प्रजग कोरियाको सरकारी पत्रिका रोडोङ सिनमुनमा प्रकाशित लेखमा सीले चीन र प्रजग कोरियाले रणनीतिक सहकार्यलाई अझ मजबुत

*बाँकी पृष्ठ ८ मा*

## व्यङ्ग्यचित्र कुनो





**मानसरोवर हिँडेका तीर्थालुहरू**

रसुवाको रसुवागढी हुँदै पवित्र धार्मिकस्थल मानसरोवर हिँडेका तीर्थालुलगायत पर्यटक नेपाल-चीन सीमा नाकामा चीन प्रस्थानका क्रममा लामबद्ध हुँदै ।

***तस्बिर** : ज्ञानेन्द्र न्यौपाने/रासस*

# सीमासम्बन्धी प्रधानमन्त्रीको अभिव्यक्ति स्पष्ट पार्न सांसदको माग

काठमाडौँ, २५ जेठ । प्रतिनिधिसभा बैठकमा विपक्षी दलका सांसदहरूले प्रधानमन्त्री बालेन्द्र शाहले यही जेठ १९ गते सम्बोधनकै क्रममा दिनुभएको अभिव्यक्तिप्रति असहमति जनाउनुभएको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा विपक्षी दलका सांसदहरूले आसनबाट उभिएर विरोध जनाएपछि सभामुख डोलप्रसाद अर्यालले उहाँहरूलाई बोल्न समय दिनुभएको थियो ।

सांसदहरूले सीमासम्बन्धी उक्त अभिव्यक्ति अभिलेखबाट हटाइनुपर्ने मागसमेत बैठकमा राख्नुभएको छ । बैठक निर्धारित समयभन्दा दुई घण्टा ढिला सुरु भएको थियो ।

बैठकमा सांसद पद्माकुमारी अर्यालले प्रधानमन्त्री शाहको सीमासम्बन्धी उक्त अभिव्यक्ति अभिलेखबाट हटाउन माग गर्नुभयो ।

विसं २०७७ मा लिपुलेक, लिम्पियाधुरा, कालापानीलाई नेपालको नक्सामा राख्ने विषयमा राष्ट्रिय सहमति जुटेको उहाँले स्मरण गर्नुभयो ।

यसैगरी, बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेससहित विपक्षी दलका सांसदहरू सन्तोष सुब्बा, हर्कराज साम्पाङ राई, वर्षमान पुन, ज्ञानेन्द्रबहादुर शाहीलगायतले करका दर फेरबदल गरिएको, भन्सारलाई मिलाएर चीनबाट गाडी आयातमा अनियमितता भएको विषय सञ्चारमाध्यमबाट सार्वजनिक भएको विषयप्रति छानबिन गरी दोषीलाई कारबाही गरिनुपर्नेमा जोड दिनुभयो ।

**प्रतिनिधिसभा बैठक १५ मिनेटका लागि स्थगन**

यसैबिच प्रतिनिधिसभाको सोमबारको बैठक १५ मिनेटका लागि स्थगित भएको छ ।

विपक्षी दलले बैठकको प्रारम्भमै आसनबाट उभिएर विरोध जनाएपछि सभामुख डोलप्रसाद अर्यालले बैठक १५ मिनेटका लागि स्थगित गर्नुभएको हो ।

सभामुख अर्यालले बैठक सुचारु गर्नका लागि पटकपटक आग्रह गर्दा पनि विपक्षी दलका सांसदले उभिएर विरोध जनाइरहेपछि बैठक स्थगित गरिएको हो ।

प्रधानमन्त्री बालेन्द्र शाहले प्रतिनिधिसभा बैठकमा यही जेठ १९ गते सांसदहरूको जवाफ दिने क्रममा सीमा सम्बन्धमा दिनुभएको केही अभिव्यक्तिप्रति विपक्षी दलहरूले आपत्ति प्रकट गर्दै विरोध जनाउँदै आएका छन् । ***रासस***

# अध्यादेशले सहकारी सङ्घ संस्थालाई कमजोर बनाउने

भक्तपुर, २५ जेठ । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लिमिटेडको अन्तरलगानी तथा वित्तीय प्रवर्द्धन उपसमितिको आयोजनामा एकदिने ‘कोपोमिस (COPOMIS) तालिम’ सम्पन्न भयो । भक्तपुरको क्लब वाग्मतीमा जेठ २४ गते आयोजित उक्त तालिममा सहकारीहरूको नियामक प्रणाली कोपोमिसको व्यावहारिक प्रयोग, डिजिटल प्रणालीबारे विस्तृत छलफल भएको छ । तालिममा कोपोमिस प्रणालीमा सूचना र तथ्याङ्क अद्यावधिक (डेटा अपडेट) नगरे सहकारीहरूले करचुक्ता प्रमाणपत्र र दृष्टि बन्धक रोक्का सुविधासमेत नपाउने विषयलाई मुख्य रूपमा उठाइएको छ ।




सङ्घका उपाध्यक्ष जगनाथ प्रजापतिले तालिममा सिकेका प्राविधिक ज्ञानलाई आ-आफ्नो कार्यालयको दैनिक कार्य सम्पादनमा अनिवार्य उपयोग गर्न निर्देशन दिनुभयो । हालै आएको अध्यादेशका कारण कर्मचारीहरूलाई काम गर्न गाह्रो भइरहेको अवस्थामा समसामयिक विषयको ज्ञान झन् आवश्यक हुने उहाँको भनाइ थियो ।

अध्यादेशले सहकारी सङ्घहरूलाई कमजोर बनाउनु सहकारी संस्था र समग्र सहकारी अभियानलाई नै कमजोर बनाउने उहाँले बताउनुभयो ।

सङ्घका कोषाध्यक्ष कृष्णश्वरी मचामसीले अहिलेको जटिल परिस्थितिमा सहकारी संस्थाहरू कानुन र प्रविधि दुवै कुरामा सचेत हुनुपर्ने बताउनुभयो । सङ्घले सधैँ सहकारीहरूलाई विभिन्न नीति-नियमबारेमा जानकारी दिँदै आएको र यस तालिमले कोपोमिसबारे बुझ्न थप मद्दत पुऱ्याएको विचार उहाँले राख्नुभयो ।

भक्तपुर बचत सङ्घका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोजुले सहकारी क्षेत्रमा प्रविधिको महत्त्व बढ्दै गएको र सङ्घले पनि कोपोमिसलगायतका विभिन्न प्राविधिक तालिम कार्यक्रम गर्दै आएको जानकारी दिनुभयो । हालै जारी गरिएको नयाँ अध्यादेशका कारण सहकारी क्षेत्रमा गम्भीर असर परेको उहाँले औँल्याउनुभयो ।

“अध्यादेशका कतिपय प्रावधानले सहकारी संस्थाहरूलाई कमजोर बनाउने निश्चित छ,” उहाँले भन्नुभयो । उहाँले कर्मचारीहरूलाई वर्तमान अध्यादेश र कानुनी व्यवस्थाबारे पूर्ण रूपमा जानकार हुन आग्रह गर्नुभयो ।

तालिमका प्रशिक्षक सहकारी विभागका ई. प्रेमप्रसाद थारुले कोपोमिसजस्ता प्राविधिक प्रणालीहरू निरन्तर अभ्यास गरेर मात्र पोख्त हुन सकिने बताउनुभयो । विस्तारै र नियमित रूपमा कार्य गर्दा प्रयोगात्मक कुराहरू सहजै सिक्दै जान सकिने उहाँको सुझाव थियो ।

तालिमको समापन सत्रमा सङ्घको अन्तरलगानी तथा वित्तीय प्रवर्द्धन उपसमितिका सदस्य योगेन्द्रबहादुर खर्बुजाले व्यस्त समयका बाबजुद सहभागी भई प्रविधि सिक्न उत्सुकता देखाएकोमा सबैलाई धन्यवाद व्यक्त गर्नुभयो ।

उपसमितिका सदस्य अनिलकुमार सुवालले कार्यक्रमबारे प्रकाश पार्नुभयो ।

# १९ जिल्लाका तीन हजार विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिने

काठमाडौँ, २५ जेठ । सेवा र विकासका लागि युवाले देशका १९ जिल्लाका करिब तीन हजार विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गर्ने भएको छ । संस्थाले आइतबार पत्रकार सम्मेलनमार्फत ‘शैक्षिक सामग्री वितरण कार्यक्रम-२०८३’ सञ्चालन गर्न लागिएको जानकारी दिएको हो ।

संस्थाका अनुसार पाँचथर, धनकुटा, ओखलढुङ्गा, सोलुखुम्बु, सिराहा, महोत्तरी, काठमाडौँ, धादिङ, गोरखा, मनाङ, कास्की, पाल्पा, गुल्मी, कपिलवस्तु, पूर्वी रुकुम, दैलेख, कालीकोट तथा दार्चुला जिल्लामा अध्ययनरत गरिब, जेहेनदार तथा आवश्यकता भएका विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरिनेछ ।

कार्यक्रमअन्तर्गत गुरुकुल, गुम्बा तथा विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीलाई झोला, कापी, कलम, अङ्ग्रेजी बोलचाल पुस्तक, प्रज्ञा बृहत् नेपाली शब्दकोश, क्यापलगायतका सामग्री प्रदान गरिने जनाइएको छ ।

२०७५ साल फागुन १५ गते चितवनमा स्थापना भएको सेवा र विकासका लागि युवा सामाजिक तथा सेवामूलक संस्था हो । संस्थाले शिक्षा, स्वास्थ्य, सामाजिक सेवा तथा विपद् व्यवस्थापनका क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । हालसम्म देशका करिब ५० जिल्लामा शैक्षिक सामग्री वितरण, छात्रवृत्ति सहयोग, विपद्का समयमा राहत तथा उद्धार कार्य, विद्यालय भवन निर्माण, कपडा बैङ्क सञ्चालन, सरसफाइ अभियान तथा विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिसकेको संस्थाले जनाएको छ ।

संस्थाका केन्द्रीय अध्यक्ष डा. देवेन्द्र कण्डेलले विद्यार्थी राष्ट्रका वर्तमान र भविष्य भएकाले उनीहरूको शैक्षिक विकासमा सहयोग पुऱ्याउनु सबैको साझा दायित्व भएको बताउनुभयो । उहाँले दुर्गम तथा आवश्यकता भएका क्षेत्रका विद्यार्थीलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न लागिएको जानकारी दिनुभयो ।

संस्थाका अनुसार उक्त शैक्षिक सामग्री मित्रराष्ट्र भारतको सहयोगमा प्राप्त भएको हो । भारतले नेपालको शिक्षा क्षेत्रमा छात्रवृत्ति, विद्यालय तथा क्याम्पस भवन निर्माण, पुस्तकालय स्थापना, छात्रावास निर्माण तथा विद्यालय बस उपलब्ध गराउनेलगायत विभिन्न क्षेत्रमा सहयोग गर्दै आएको छ ।

संस्थाले कार्यक्रमलाई सफल बनाउन सञ्चारमाध्यम, शिक्षाप्रेमी, सामाजिक सङ्घसंस्था तथा सरोकारवाला सबै पक्षसँग सहयोग, सहकार्य र समन्वयको अपेक्षा गरेको जनाएको छ ।

# अन्तर्राष्ट्रिय आईटी प्रतियोगितामा नेपाली विद्यार्थी पुरस्कृत

काठमाडौँ, २५ जेठ । विश्वका ७० भन्दा बढी देशका विद्यार्थी सम्मिलित एआई, रोबाष्टिक र कोडिङसम्बन्धी अन्तर्राष्ट्रिय प्रतियोगितमा नेपाली विद्यार्थी पुरस्कृत भएका छन् ।

इन्डोनेसियाको राजधानी जाकार्तामा यही जेठ २ र ३ गते सम्पन्न प्रतियोगितामा नेपालका तर्फबाट भाग लिने ६ विद्यार्थी टोली पुरस्कार जित्न र तीन टोली ३० उत्कृष्टभित्र पर्न सफल भएका हुन् । संयुक्त राष्ट्रसङ्घले लिएको दिगो विकास अवधारणासँग सम्बन्धित भई वायु प्रदूषण, दूषित पानी, आधुनिक कृषि प्रणाली, औषधि व्यवस्थापनजस्ता विषयमा नवीननम् अवधारणा पेस गरी नेपाली विद्यार्थीले अन्तर्राष्ट्रिय पुरस्कार जितेका हुन् ।

सूचना प्रविधिको क्षेत्रमा क्रियाशील नीमा एजुकेसन फाउन्डेसनले यस वर्ष पनि विभिन्न विद्यालयहरूसँग समन्वय गरी आठ वर्षदेखि १८ वर्षसम्मका ९८ विद्यार्थीलाई सो प्रतियोगितमा समावेश गराएको थियो । यसै सन्दर्भमा नीमा एजुकेसन फाउन्डेसनले जाकार्तामा सम्पन्न प्रतियोगितामा उत्कृष्ट प्रस्तुतिसहित नेपालको प्रतिष्ठा बढाउने विद्यालय तथा विद्यार्थीलाई आइतबार यहाँ सम्मान तथा पुरस्कृत गरेको छ ।

सो अवसरमा काठमाडौँ विश्वविद्यालयका आईटी विभाग प्रमुख प्राडा सुदन झाले नेपाली परिवेशमा ३० वर्षअघिको कम्प्युटर शिक्षाजस्तै अहिले सूचना प्रविधि क्षेत्रअन्तर्गत एआई, रोबोस्टिक र कोडिङले बजार लिएको बताउनुभयो । सूचना प्रविधिको क्षेत्रमा अहिले समग्र विश्वमा नै प्रतिस्पर्धा गर्न सक्ने क्षमतावान् जनशक्ति नेपालमा उत्पादन भएकामा गर्व गर्दै प्राडा झाले समयको चापलाई दृष्टिगत गरी विद्यालय शिक्षामा आईटीलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

फाउन्डेसनका प्रमुख कार्यकारी अधिकृत निश्चल प्रधान र निर्देशक किरणकुमार श्रेष्ठले विद्यालय तथा कलेजहरूसँग समेत समन्वय गरी सूचना प्रविधिसँग सम्बन्धित सीप तथा शिक्षा प्रदान दक्ष जनशक्ति उत्पादन गरिहेको जानकारी दिनुभयो । हरेक वर्ष विद्यालयहरूसँगको सहयोग र सहकार्यमा अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्नसक्ने जनशक्ति उत्पादनका लागि फाउन्डेसनले आवश्यक शैक्षिक गतिविधिसहित तालिम प्रदान गर्दै आएको बताउँदै उहाँले यस किसिमको सिकाइ र प्रतियोगिताबाट नेपाली विद्यार्थी लाभान्वित भई समग्र आईटी क्षेत्रको विकास हुने विश्वास व्यक्त गर्नुभयो ।

फाउन्डेसनले अर्को वर्ष हुने अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको स्थान अझ राम्रो बनाउन आगामी महिनादेखि नै चरणबद्ध रूपमा सिर्जनात्मक तथा नवप्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने जनाएको छ । आयोजकका अनुसार जाकार्तामा सम्पन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा विश्वका करिब एक हजार ५०० विद्यार्थीको सहभागिता रहेको थियो । ***रासस***

# एकमहिने बारिष्टा (कफि बनाउने) प्रशिक्षण सुरु

भक्तपुर, २५ जेठ । चालू आ.व. ०८२/८३ को वडास्तरीय सीपमूलक एक महिने बारिष्टा (कफि बनाउन) प्रशिक्षण कार्यक्रमको उद्घाटन वडाध्यक्ष कृष्णकुमार प्रजापतिले गर्नुभयो । उहाँले प्रशिक्षार्थीहरूलाई सीप सिकौँ, उद्यमशिल बनौँ भन्ने नारालाई सार्थक बनाउन आग्रह गर्नुभयो ।

सीप आर्जन गरी उद्यमी व्यवसायी बनी देश विकास तथा समृद्धिका लागि आ-आफ्नो क्षेत्रबाट योगदान गर्नुपर्ने उल्लेख गर्दै उहाँले प्रशिक्षणमा निरन्तरता दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा वडा सदस्यहरू योगेन्द्रकुमार दुवाल, भक्तराज खत्रीले आ-आफ्नो मन्तव्य राख्नुभयो भने प्रशिक्षक र व्यवस्थापन पक्षका व्यक्तिहरूले प्रशिक्षणको महत्त्वबारे चर्चा गर्नुभएको थियो ।

## सङ्क्षिप्त समाचार

### हरित कर र लगानी बढाउन आग्रह

काठमाडौँ, २५ जेठ । राजनीतिकर्मी, विज्ञ र सामाजिक क्षेत्रका प्रतिनिधिले जलवायु सङ्कटको चुनौतीको सामना र मुलुकको समृद्धिका लागि हरितकर लगानी विस्तारमा जोड दिएका छन् । सहारा नेपालद्वारा सोमबार आयोजित जलवायु परिवर्तनसम्बन्धी 'क्याइमाक्लेभ १.० : शेयर द स्कोप, रेज द होप' विषयक कार्यक्रममा विभिन्न वक्ताले जलवायु वित्त, लगानी, कार्बन बजार, हरित लगानी, समुदायमा आधारित जलवायु समाधान, दीगो विकास र नवप्रवर्तनलाई बहुपक्षीय सहकार्य गर्नुपर्नेमा जोड दिएका हुन् ।

प्रतिनिधिसभा सदस्य सुशील खड्काले आर्थिक वर्ष २०८३/०८४ को बजेटले 'बिग डिपार्चर' गरेको र अबको पाँचदेखि सात वर्षमा वार्षिक सात प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिइएको बताउनुभयो ।

पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले जलवायु सङ्कट समाधानका नीतिगत र कानुनीका पक्षमा सहकार्यको दायरा बढाउन आग्रह गर्नुभयो ।

नेपाल राष्ट्र बैङ्कका प्रवक्ता गुरूप्रसाद पौडेलले अन्तर्राष्ट्रिय जलवायु कोषको लगानीलाई नेपालमा बढाउनुपर्ने माग गर्नुभयो ।

ऊर्जाविज्ञ डा. रामप्रसाद धितालले स्वच्छ एवं वैकल्पिक ऊर्जामा लगानी र प्रयोग बढाउनुपर्नेमा जोड दिनुभयो । सहारा नेपालका महासचिव महेन्द्र गिरी र निर्देशक युवराज शिवाकोटीले जलवायु परिवर्तनको चुनौतीको सामनाका लागि सरकार, निजी क्षेत्र, विकास साझेदार र समुदायसमेतको बहुपक्षीय सहकार्य हुनुपर्नेमा जोड दिनुभएको थियो । ***रासस***

### कोहलपुरका विद्यालय तीन दिन बन्द

नेपालगन्ज २५ जेठ । बढ्दो गर्मीका कारण बाँकेको कोहलपुर नगरपालिकाका विद्यालय सोमबारदेखि तीन दिनसम्म बन्द गरिएको छ । पछिल्ला केही दिनयता बाँकेसहित तराईका जिल्लामा अत्यधिक गर्मी बढ्दै गएपछि कोहलपुर नगरपालिकाले पालिकाका संस्थागत तथा सामुदायिक विद्यालयमा बिदा दिने निर्णय भएको शिक्षा तथा खेलकुद शाखा प्रमुख रविलाल मिजारले जानकारी दिनुभयो । "वर्षा भएर गर्मी घट्ने अवस्था आए तीन दिन मात्रै बिदा हुन्छ नभए थप दुई दिन बिदा हुन सक्छ," उहाँले भन्नुभयो । उच्च तापक्रम तथा तातो हावाका कारण विद्यार्थीहरूको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने भन्दै नगरपालिकाले सो निर्णय गरेको थियो ।

कोहलपुर नगरपालिका शिक्षा तथा खेलकुद शाखा प्रमुख मिजारले यही जेठ २५ देखि २७ गतेसम्म तीन दिन नगरभित्र सञ्चालित सामुदायिक ३३ र संस्थागत ५० विद्यालयमा नियमित पठनपाठन स्थगन गरिएको बताउनुभयो ।

मौसमको अवस्था तत्काल सुधार हुने सम्भावना नदेखिएको र तापक्रम लगातार बढ्दो क्रममा रहेकाले विद्यार्थीहरूको सुरक्षालाई प्राथमिकतामा राखेर बिदा गरिएको उहाँको भनाइ छ । जल तथा मौसम विज्ञान कार्यालय, कोहलपुरका अनुसार त्यहाँ सोमबारको अधिकतम तापक्रम ३९ दशमलव चार रहेको छ ।

कार्यालयका सिनियर डिभिजनल हाइड्रोलोजिष्ट रामप्रसाद अवस्थीले नेपालगन्जमा ३९ दशमलव दुई र खजुरामा ३८ दशमलव आठ अधिकतम तापक्रम रेकर्ड भएको जानकारी दिनुभयो । ***रासस***



कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको घाँसेमैदानमा रहेका बाह्रसिङ्गा । निकुञ्जको मझगाउँ मुख्य कार्यालयबाट करिब २४ किलोमिटर दक्षिणमा रहेको शुक्लाफाँटा घाँसे मैदान नेपालकै सबैभन्दा ठुलो घाँसे मैदान मानिन्छ । करिब ३४ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस मैदानमा चर्दै गरेको अवस्थामा विश्वकै ठुलो झुण्डका रूपमा बाह्रसिङ्गा पाइन्छ भने यी पर्यटकको मुख्य आकर्षणका रूपमा रहने गर्छन् । वि.सं. २०८१ मा गरिएको गणनामा दुई हजार १८२ बाह्रसिङ्गा यहाँ देखापरेका थिए । ***तस्बिर :*** *राजेन्द्रप्रसाद पनेरु*

# अनुसन्धान र नवप्रवर्तनसम्बन्धी सम्मेलन सम्पन्न

नेपालगन्ज (बाँके), २५ जेठ । लुम्बिनी प्राविधिक विश्वविद्यालयले प्रविधि, अनुसन्धान र नवप्रवर्तनलाई केन्द्रमा राख्दै 'परिवर्तनका लागि प्रविधि' विषयक राष्ट्रिय सम्मेलन आइतबार सम्पन्न भएको छ ।

सम्मेलनमा लुम्बिनी प्रदेशको दिगो विकासका लागि प्रविधिमा आधारित व्यावहारिक समाधान खोज्ने, शैक्षिक संस्था, उद्योग तथा सरकारी निकायबिच सहकार्य विस्तार गर्ने र अनुसन्धानलाई प्रवर्द्धन गर्ने विषयमा विस्तृत छलफल भएको थियो । दुई दिनसम्म नेपालगन्जमा सञ्चालन भएको उक्त सम्मेलनमा इन्जिनियरिङ, सूचना प्रविधि, अनुसन्धान तथा नवप्रवर्तनका क्षेत्रमा कार्यरत विज्ञ, प्राध्यापक, अनुसन्धानकर्ता तथा विद्यार्थीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

लुम्बिनी प्राविधिक विश्वविद्यालयका डिन डा. नीरज केसीले सम्मेलनमार्फत लुम्बिनी प्रदेशको दिगो विकासका लागि प्रविधि र नवप्रवर्तनमा आधारित व्यावहारिक समाधान खोज्ने उद्देश्य राखिएको उल्लेख गर्नुभयो । उहाँका अनुसार नेपालगञ्जको बढ्दो गर्मी, पानी व्यवस्थापन समस्या तथा स्थानीय विकासका चुनौतीलाई विशेष रूपमा छलफलमा समावेश गरिएको थियो ।

विश्वविद्यालयका उपकुलपति प्राडा विनोदप्रसाद ढकालले बाँके, बर्दिया, सुर्खेत, बुटवललगायत विभिन्न जिल्लाबाट विद्यार्थीको सहभागिता रहेको उल्लेख गर्दै नेपालगञ्जलाई प्रविधि तथा नवप्रवर्तनको केन्द्रका रूपमा विकास गर्ने उद्देश्यअनुरूप सम्मेलन सफल भएको बताउनुभयो ।

सम्मेलनमा राष्ट्रिय योजना आयोगका सदस्य डा. सुदन झा, प्राडा विनयकुमार मिश्र, प्राडा मनिष पोखरेल, डा. राजन सुवाललगायतका विज्ञहरूले प्रविधि, अनुसन्धान र विकासका विविध आयाममा आफ्ना धारणा प्रस्तुत गर्नुभएको थियो । सम्मेलनको दोस्रो दिन विभिन्न स्थानबाट आएका सहभागी तथा लुम्बिनी प्राविधिक विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीले विभिन्न प्राविधिक विधाका अनुसन्धानपत्रहरूको मौखिक प्रस्तुति प्रस्तुत गर्नुभएको थियो ।

प्यानल छलफलका क्रममा सञ्जय थापाले नेपालगन्जलाई सूचना प्रविधिसँग जोड्न सीमापारको सम्बन्ध उपयोगी सुरुआत हुनसक्ने उल्लेख गर्दै उत्तर प्रदेश र बिहारका विद्यार्थीलाई समेत आकर्षित गर्न सकिने बताउनुभयो । उहाँले समाजमा अझै पनि सूचना प्रविधिको महत्त्वबारे थप बुझाउन आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो ।

लुम्बिनी प्रदेशको गौरवको योजनाका रूपमा बाँकेमा सञ्चालनमा आएको लुम्बिनी प्राविधिक विश्वविद्यालयले आफ्नो तीनवर्षे यात्रामै सिम्पोजियम, अन्तर्राष्ट्रिय सम्मेलन तथा राष्ट्रिय सम्मेलन सफलतापूर्वक आयोजना गर्दै आफूलाई स्थापित गरेको छ । ***रासस***

# विश्व 'ब्रेन ट्युमर' दिवस नेपालमा बिरामी बढ्दै

काठमाडौँ, २५ जेठ । नेपालमा पछिल्ला वर्षहरूमा ब्रेन ट्युमरको बिरामीको सङ्ख्या बढ्दै गएको छ । विश्व ब्रेन ट्युमर दिवसको अवसरमा सोमबार सार्वजनिक गरिएको तथ्याङ्कअनुसार अघिल्लो वर्षको तुलनामा यस वर्ष ब्रेन ट्युमरका बिरामीको सङ्ख्या बढेको हो ।

नेपालभरका २० भन्दा बढी न्यूरो केन्द्रबाट भएको अध्ययन आधारमा उक्त तथ्याङ्क सार्वजनिक गरिएको राष्ट्रिय ब्रेन ट्युमर केन्द्रका संस्थापक अध्यक्ष डा. राजीव झाले जानकारी दिनुभयो । उहाँका अनुसार २०८२ सालमा तीन हजार जना ब्रेन टयुमटरमा बिरामीको शल्यक्रिया गरिएको छ । विसं २०८१ मा यो सङ्ख्या दुई हजार ६०० थियो ।

शल्यक्रिया गरिएका ब्रेन ट्युमरका बिरामीमध्ये पुरुष बढी रहेका तथ्याङ्कमा उल्लेख छ । पुरुष एक हजार ५०२ जनाको र महिला एक हजार ४९८ जना रहेका छन् । उहाँले सबभन्दा बढी बिरामी ३० देखि ५० वर्ष उमेर समूहका रहेका छन् । तथ्याङ्कअनुसार सबभन्दा बढी बागमती प्रदेशमा ३६.४ प्रतिशत बिरामीको शल्यक्रिया गरिएको छ ।

वरिष्ठ न्यूरोसर्जन डा. झाले नेपालमा ब्रेन ट्युमरका बिरामीको सङ्ख्या बर्सेनि बढिरहेको भन्दै प्रारम्भिक अवस्थामा नै उपचार भएमा धेरै बिरामीको जीवन बचाउन सकिने बताउनुभयो ।

उहाँले स्टेज १ र २ का ब्रेन ट्युमरको शल्यक्रियामार्फत उपचार गर्न सकिन्छ भने स्टेसन ३ र ४ का बिरामीलाई शल्यक्रियाका साथै विभिन्न थेरापीबाट उपचार गरिने बताउनुभयो । नेपालमा ग्लियोमा (एकप्रकारको ट्युमर) का बिरामी सबभन्दा बढी रहेका छन् । २०८२ मा उच्च ग्रेड ग्लियोमाको अनुपात ४३.१ प्रतिशतबाट बढेर ५५.९ प्रतिशत पुगेको छ । यस्तै मेनिन्जियोमा (एकप्रकारको ट्युमर) को बिरामी ७.४ प्रतिशतबाट २०८२ मा २७.१ प्रतिशत पुगेका छन् ।

निरन्तर टाउको दुख्नु, बिहानै उठ्नेबित्तिकै वान्ता हुनु, कान नसुन्नु, छारे रोग हुनु, शरीरमा प्यारालाइसिस देखिनुजस्ता लक्षण ब्रेन ट्युमरका लक्षण हुन् । वीर अस्पतालले दुई वर्षदेखि निःशुल्क ब्रेन ट्युमर शल्यक्रिया गर्दैआएकामा यो सेवा आगामी जुन महिनासम्म उपलब्ध हुने डा. झाले बताउनुभयो । 'प्रारम्भिक पहिचानको जनचेतना अभिवृद्धि र निदान अन्तरालको न्यूनीकरण' भन्ने नाराका साथ यो दिवस मनाइँदै छ । ***रासस***

# नगरपालिका भवन पुनर्निर्माण नहुँदा काममा बाधा

चन्द्रपुर (रौतहट), २५ जेठ । गत भदौ २४ गतेको जेनजी आन्दोलनका क्रममा ध्वस्त भएको रौतहटको चन्द्रपुर नगरपालिकाको प्रशासनिक भवन पुनर्निर्माण नहुँदा काममा बाधा भएको छ । भवन अभावले नगरपालिकाबाट गरिने सेवा प्रवाह प्रभावित बनिरहेको छ ।

विसं २०७५ मा निर्माण गरिएको सुविधासम्पन्न भवन जेनजी आन्दोलनका क्रममा आगोले ध्वस्त भएको थियो । आगजनीबाट भवनको भुँइतला, पहिलो र दोस्रो तला पूर्ण रूपमा क्षतिग्रस्त भएको थियो । आगलागीबाट रु. आठ करोडभन्दा बढीको क्षति भएको प्रमुख प्रशासकीय अधिकृत बद्रीराज ढकालले बताउनुभयो ।

"भवन पुनर्निर्माण हुन नसक्दा नगरपालिकाको दैनिक कार्यसम्पादन प्रभावित बनेको छ," उहाँले भन्नुभयो । स्थानीय सरकारले नागरिकलाई सहज ढङ्गले सेवा प्रवाह गर्न जतिसक्दो चाँडो भवन पुनर्निर्माण गर्नुपर्ने स्थानीयवासीको माग छ ।

प्रशासनिक भवन जलेपछि अहिले भाडाको घरबाट नगरपालिकाले कामकाज गर्दैआएको छ । उक्त भाडाको घरमा धेरै शाखालाई एउटै भवनभित्र व्यवस्थापन गर्न कठिनाइ भइरहेको प्रमुख प्रशासकीय अधिकृत ढकालले बताउनुभयो । एउटै कोठामा एकभन्दा बढी शाखा सञ्चालन गर्नुपर्ने बाध्यता र साँघुरो कार्यस्थलका कारण सेवा प्रवाह गर्न कठिनाइ भइरहेको छ ।

त्रिवि इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक क्याम्पसअन्तर्गतको केन्द्रीय निर्माण वस्तु परीक्षणशाला ललितपुरबाट आएको प्राविधिक टोलीले भवनको संरचनात्मक अवस्थाको स्थलगत निरीक्षण गरेर प्रतिवेदन बुझाएको छ । गत माघमा आगलागीबाट प्रभावित कङ्क्रिट, माटो र खरानीका नमूना सङ्लन गरी प्राविधिक परीक्षणपश्चात् अध्ययन गरेर परीक्षणशालाले गैरविनाशकारी तथा अर्धविनाशकारी परीक्षणका नतिजाका आधारमा चन्द्रपुर नगरपालिकाको प्रशासनिक भवनमा आवश्यक संरचनात्मक सुदृढीकरण उपाय कार्यान्वयन नभएसम्म तत्काल भवन प्रयोग वा पुनः प्रयोग नगर्न सिफारिस गरेको चन्द्रपुर नगरपालिकाका इन्जिनियर महेश बरालले जानकारी दिनुभयो ।

पुल्चोक इन्जिनियरिङ क्याम्पस ललितपुरका सहप्राध्यापक डा. क्षितिजचरण श्रेष्ठ, उपप्रध्यापक ई. अरुण पौडेल, ई. कबिन लामिछाने र ई. अरुन सुवेदीले उक्त क्षतिग्रस्त भवनको अवस्थाबारे जानकारी लिएको थियो । नगरपालिका भवन पुनर्निर्माणमा रु. तीन करोड खर्च लाग्ने अनुमान गरिएको छ । सो भवन पुनर्निर्माण गर्न नगर विकास कोषबाट ३० प्रतिशत अनुदान, ५० प्रतिशत सहुलियत ऋण र २० प्रतिशत नगरपालिकाको लागत सहभागितामा पुनर्निर्माण गर्ने योजना बनाएको नगरप्रमुख सञ्जयकुमार काफ्लेले जानकारी दिनुभयो ।

भाडाको भवनमा कार्यालय सञ्चालन गर्दा मासिक रूपमा ठुलो रकम खर्च भइरहेको छ भने सेवाग्राहीले सास्ती खेप्नुपरेको छ । नगरपालिकाका कर्मचारीका अनुसार पर्याप्त कार्यकक्ष नहुँदा कागजात व्यवस्थापन, बैठक सञ्चालन तथा शाखागत समन्वयमा पनि समस्या देखिएको छ । अहिले भाडाको घरमा नगरपालिकाका प्रमुख काफ्ले र उपप्रमुख जयमाला चौधरीको कार्यकक्ष नै छैन । नगरप्रमुख र उपप्रमुख कर्मचारीको कोठामा गएर कार्यसम्पादन गर्दै आउनुभएको छ । ***रासस***

# फुल्चोकी भ्रमणमा सावधानी अपनाउन अनुरोध

ललितपुर, २५ जेठ । जिल्ला प्रहरी परिसर ललितपुरले गोदावरी नगरपालिका-३ स्थित फुल्चोकी जङ्गल क्षेत्रमा मान्छे हराउने तथा सम्पर्कविहीन हुने घटना बढ्दै गएपछि सर्वसाधारणलाई सावधानी अपनाउन आग्रह गरेको छ ।

घना जङ्गल, अपरिचित पदमार्ग, मोबाइल नेटवर्कको समस्या तथा अचानक मौसम परिवर्तन हुने जोखिमका कारण विद्यालय तथा कलेजका विद्यार्थी एवं अन्य सर्वसाधारणलाई सतर्क रहन अनुरोध गरिएको हो । जिल्ला प्रहरी परिसर ललितपुरका सहायक प्रहरी उपरीक्षक गौतम मिश्रले एकवर्षमा फुल्चोकी क्षेत्रमा हराएका व्यक्तिसम्बन्धी छ वटा सूचना प्राप्त भएका र सबैको सकुशल उद्धार गरिएको जानकारी दिनुभयो ।

गोदावरी नगरपालिकाका उपप्रमुख मुना अधिकारीले सार्वजनिक बिदामा फुल्चोकी भ्रमणमा आउनेको सङ्ख्या बढेको तर, फर्कने क्रममा छोटो बाटो प्रयोग गर्न खोज्दा धेरैजसो व्यक्ति हराउने गरेको बताउनुभयो ।

भ्रमणका क्रममा समूह वा गाइडसँग मात्र यात्रा गर्न, परिवार वा साथीभाइलाई जानकारी दिएर मात्र जान, अपरिचित छोटो बाटो प्रयोग नगर्न तथा मोबाइल फोन, खानेपानी र आवश्यक सामग्री साथमा राख्न समेत उहाँले आग्रह गर्नुभयो । ***रासस***

**। सम्पादकीय ।**

# खाद्यान्नमा आत्मनिर्भर बनाउन आवश्यक

श्रमजीवीवर्गको दु:ख र जीवन बुझ्ने सरकार नआएसम्म बहुमत जनताको हित हुने कुनै पनि ऐन कानुन बन्दैन; बनाउँदैन । पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने दलले कृषकको जीवन र समस्या बुझ्ने प्रयास पनि गर्दैन । खेतीपातीको लागि चाहिने रासायनिक मल पनि सरकारले बन्दोबस्त गर्न सकेन । रोपाइँ सुरू हुन थालेको छ तर रासायनिक मल आपूर्ति भएको छैन । रोपाइँ, गहुँ र मकै बालीको साथै वर्षैभरि नगदे बाली या तरकारी बारी गर्ने भएकोले कृषकको घरमा रासायनिक मल खाली गर्नु हुँदैन । कृषकको यो मर्का बुझेर सरकारले किन समयमै रासायनिक मलको व्यवस्था गर्दैन ? खाद्यान्नमा आत्मनिर्भर बनाउने उद्देश्य बोकेको सरकारले अन्न उत्पादन बढाउन मलको व्यवस्था गर्नुपर्दैन ?

समयमा वर्षा नभएर कहिले कृषकहरूले रोपाइँ गर्न पाउँदैनन् । ब्याडमै बेर्ना सुकेर किसानहरू हैरान हुन्छन् । कहिले बाढी पहिरो त कहिले हुरी–बतास र असिनाले किसानको बालीमा क्षति पुग्छ । कहीँ सिँचाइको बन्दोबस्त हुँदैन । जो सरकार आए पनि आखिर कृषकहरूको मर्का बुझेर काम हुँदैन । धानखेतीमा हुने असुविधाले कृषकहरू जहिल्यै चिन्तित हुन्छन् । मल व्यवस्थापनमा सरकारको किन ध्यान जाँदैन ? सरकारले रासायनिक मल खरिद गर्न पर्याप्त बजेट छुट्याएको जानकारीमा आयो । तर, त्यो बजेट लागु हुने कहिले ? सरकारी स्तरबाट मलखादको व्यवस्थापनमा दसकौँदेखि बेवास्ता हुँदै आएको छ । दसकौँदेखि कृषकले भोग्दै आएको मलको समस्या नयाँ सरकारले पनि व्यवस्था गर्न सकेन । कति प्राप्त हुने मलमा कालोबजारी हुन्छ । अनुदानमा पाउनुपर्ने मल महँगोमा बिक्री गरिएको हुन्छ । कहिले मलमा तौल पुग्दैन । कति मल म्याद नाघेको हुन्छ र ढिक्का हुन्छ । गुणस्तरहीन मलले उत्पादन बढ्दैन । किसानहरूलाई सहज रूपमा किन मल उपलब्ध हुँदैन ? किसानहरू पाएको मल पनि महँगोमा किन बाध्य छन् ।

रास्वपाको नेतृत्वमा सरकार बनेपछि महँगी झन् बढ्यो । मल आपूर्ति भएन । खेतीपातीको लागि किसानको निम्ति आवश्यक सबै पूर्वाधार तयार गरेर उत्साहित गर्नुपर्नेमा सरकार निरास बनाउँछ । देशमा खाद्यान्न आत्मनिर्भर बनाउन लाग्नुपर्ने सरकार पराधीन बनाइराख्ने काम गर्छ । मकै उत्पादनको समयमा आएको हावाहुरी, वर्षाले मकै बाली गरेका झापाका किसानहरू मर्कामा परेका छन् । धनकुटामा किसानहरू खडेरी र मकैमा फौजी कीराको प्रकोपले दोहोरो मारमा परेका छन् । आकासे पानीमा निर्भर किसानहरूको जिउने आधार निश्चित छैन । कहिले मकैमा दाना नलाग्ने समस्या हुन्छ । उखुका किसानहरू पनि उखुको रकम नपाएकोमा उखु किसानहरू चिन्तित छन् । असारभित्र पनि उखुको रकम नपाए उनीहरूले आन्दोलनमा उत्रने चेतावनी दिन थालेका छन् ।

देशमा बहुमत जनता किसान छन् । तर, सरकार उनीहरूको पक्षमा काम गर्दैन । सरकारको बेवास्ता, प्राकृतिक प्रकोप आदि कारण किसानको जीवनस्तर माथि नउठेको हो । जति श्रम गरेर पसिना बगाए पनि जीवन जोहो गर्न मुस्किल परिवारका सदस्यहरू दु:खको आँसु पिएर जीवन बिताउन बाध्य छन् ।

नेपालमा उब्जाउशील जमिन नभएको होइन तर त्यसलाई राम्ररी उपयोग गरिएको पाइँदैन या उपयोग गर्ने वातावरण सरकारले तयार गरेको देखिँदैन । उब्जाउशील जग्गा बाँझो राखेर उत्पादन कसरी बढ्छ ? खेतबारी बाझिनुका विभिन्न कारणमा उत्पादन लागत बढ्नु हो; मल, बीउ, सिँचाइ, कृषि औजार र श्रमको मूल्य बढ्नु हो । किसानलाई कम मूल्यमा उत्पादन बेच्न बाध्य छ । तर, उपभोक्ताले त्यही वस्तु महँगोमा किन्नुपर्ने हुन्छ । अहिले पनि ६० प्रतिशतभन्दा बढी मानिसहरू प्रत्यक्ष या अप्रत्यक्ष रूपमा कृषि पेसामा संलग्न छन् । पहिले नेपाल कृषिमा आत्मनिर्भर थियो । खाद्यान्न निर्यात हुन्थ्यो । तर, अहिले विज्ञान र प्रविधिको युगमा पनि खाद्यान्नमा परनिर्भर छ । अहिले खाद्य सुरक्षाको सङ्कट छ । जनताका दैनिक उपभोगका धेरै वस्तुहरू आयात गर्न बाध्य छन् । चामल, दाल, फलफूल, तेल, लसुनदेखि तरकारी आदि विदेशबाटै आउँछ । यसरी जनताका आधारभूत आवश्यकता सबै विदेशबाट आयात गर्नुपर्ने बाध्यताले देश कसरी विकास हुन्छ ? यसकारण, सरकारले देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउनेतर्फ ध्यान दिनुपर्छ ।

# सम्बन्ध विच्छेद हुने पत्नी वा बुहारीले पाउने अंश हकको प्रश्न

✍ रामप्रसाद प्रजापति

**विवाहित छोरीले अंश पाउने सर्वोच्चको पछिल्लो फैसला, हट्यो सबै अङ्कुश !**

पछिल्लो समय सर्वोच्च अदालत, बृहत् पूर्ण इजलासको २०८२ असार ३१ गते राममणि मुडभरीविरुद्ध पुनम मुडभरी (अंश चलन मुद्दा ०७५–डीएफ–०००४) को मुद्दामा गरेको फैसलाले छोरीको अंश हकसम्बन्धी दायरालाई अझ फराकिलो बनाउँदै २०७४ असोज १४ गतेपछि विवाह गरेकी विवाहित छोरीले पनि अंश पाउने नजिर स्थापित भएको छ ।

२०५८ को संशोधनले ल्याएको विवाह गरेकी छोरीको अंशबन्डा गर्नु पर्दैन भन्ने कानुनी व्यवस्थालाई २०७२ सालमा खारेज गरेपछि अन्यौलमा रहेको विवाहित छोरीले अंश पाउने कि नपाउने भन्ने विवादलाई सर्वोच्च अदालतले २०८२ असार ३१ गते टुङ्ग्याएको छ ।

सर्वोच्च अदालतले २०७२ असोज १४ गते मुलुकी ऐन संशोधन भएको दिनभन्दा पछि विवाह गर्ने छोरीहरूले पनि आफ्ना आमाबाबुबाट छोरासरह अंश पाउने फैसला गरेको छ । उक्त फैसला सर्वोच्च अदालतका न्यायाधीशहरू सपना प्रधान मल्ल, डा. मनोकुमार शर्मा, शारङ्गा सुवेदी, अब्दुल अजीज मुसलमान र महेश शर्मा पौडेलले गरेका हुन् ।

फैसलामा महेश शर्मा पौडेल र सपना प्रधान मल्लले त संविधान र कानुनले प्रत्याभूत गरेको विवाहित छोरीको पैतृक सम्पत्तिमाथिको अंश हकलाई सङ्कुचन गर्ने गरी कुनै पनि किसिमको दृष्टिकोण राख्न हुँदैन भनी फरक मत राख्दै सबै विवाहित छोरीहरूले अंश पाउनुपर्ने राय प्रस्तुत गरेको बुझिन्छ ।

**पत्नी वा बुहारीको अंश हकको प्रश्न**

मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद १० मा अंशबन्डासम्बन्धी कानुनी व्यवस्था गरिएको पाइन्छ । परिच्छेद १० को दफा २०५ मा "सगोलको सम्पत्ति अंशबन्डा गर्ने प्रयोजनको लागि यस परिच्छेदको अन्य दफाको अधीनमा रही पति, पत्नी, बाबु, आमा, छोरा, छोरी अंशियार मानिनेछन् ।" भन्ने व्यवस्था रहेको छ ।

सोही परिच्छेदको दफा २०६ मा "प्रत्येक अंशियार अंशको समान हकदार हुनेछन् । अंशबन्डा गर्दाका बखत कुनै महिला अंशियार गर्भवती भएमा र निजले जन्माउने शिशु अंशियार हुने भएमा त्यसरी जन्मने शिशुलाई समेत समान अंशयार मानी निजको अंश भाग छुट्याएर मात्र अंशबन्डा गर्नुपर्नेछ ।" भन्ने कानुनी व्यवस्था रहेको छ ।

यसरी नेपालको अंशबन्डासम्बन्धी कानुनी व्यवस्था हेर्दा अंशियार भन्नाले "पति, पत्नी, बाबु, आमा र छोरा, छोरी" मात्रै समान अंशियार हुन् भन्ने प्रस्ट हुन्छ । त्यसो भए बुहारीको अंश हकको प्रश्न के हो त ?

बुहारीले के कति अंश हकबापतको सम्पत्ति पाउने हो त ? भन्दा सोही परिच्छेदको दफा २०९ मा सगोलमा बसेका दाजुभाइका छोराछोरी वा पत्नी ( बुहारी) ले आफ्ना बाबु वा पतिको भागबाट मात्र अंश पाउनेछन् । अंश नहुँदै पति वा बाबु आमा मरेमा निजले पाउने अंश निजका पत्नी (बुहारी) वा छोरा, छोरीले पाउनेछन् । कुनै व्यक्तिको एकभन्दा बढी पत्नीहरू (बुहारीहरू) भएमा निजहरूले पतिको भागबाट मात्र अंश पाउनेछन् ।" भन्ने व्यवस्था गरिएको पाइन्छ ।

यो मानेमा बुहारीहरू अंशमा समान तहका अंशियार मानिएको देखिएन । बुहारीहरूले आ–आफ्ना पतिको अंशबाट आफ्नो हाँगातर्फ जे जतिजना समान तहका अंशियारहरू छन्, तिनीहरूबिच बराबर अंश हक पाउने व्यवस्था रहेको पाइन्छ ।

समान तहका अंशियार भन्नाले दफा २०५ बमोजिमका 'पति, पत्नी, बाबु, आमा र छोरा, छोरी' मात्रै समान अंशियार हुन् ।

**सम्बन्ध विच्छेद हुने पत्नी वा बुहारीको अंश हकको प्रश्न**

सम्बन्ध विच्छेद गर्न चाहने बुहारीले को कससँग के कति सम्पत्ति पाउने होला त ? यस प्रस्तुतिमा आज हामी हिजोआज बढ्दो सम्बन्ध विच्छेदका मुद्दामा पत्नी अर्थात् बुहारीले कति अंश पाउने भन्ने विषयमा छलफल गर्न खोजेका छौँ ।

माथि छलफल गरिएबमोजिम पत्नी वा बुहारी (छोरा बुहारी) ले आफ्ना पतिको अंश हकबाट मात्रै अंश पाउने कानुनी व्यवस्था रहेको चर्चा भइसकेको छ । अर्थात् छोरा बुहारीले छोराले पाउने अंश हकमध्येबाट सन्तान नभएको अवस्थामा छोरा र बुहारी मात्र अंशियार रहे भए आधा आधा, सन्तान जन्मेको हकमा छोरा र बुहारीबाट जन्मिएका सन्तानहरू र छोरा बुहारी (बाबु, आमा) को बराबर अंश गरी बुहारीले १ (एक) भाग अंश पाउने भएको छ ।

सामान्य अवस्थामा मिलेर सम्बन्ध विच्छेद गरे पनि, मुद्दा गरी अदालतबाट फैसला गराई सम्बन्ध विच्छेद भए पनि उल्लेखित अंश हकसम्बन्धी कानुनी व्यवस्था समान रूपमा लागू हुने देखिन्छ ।

खासमा सम्बन्ध विच्छेदसम्बन्धी कानुनी व्यवस्था मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद ३ मा गरिएको छ । उक्त परिच्छेदको दफा ९३ मा पति पत्नी दुवैले चाहेमा जहिले पनि पति पत्नीको सम्बन्ध विच्छेद गर्न सक्ने व्यवस्था गरेको पाइन्छ । दफा ९४ मा पतिले सम्बन्ध विच्छेद गर्न सक्ने आधारहरू र दफा ९५ मा पत्नीले सम्बन्ध विच्छेद गर्न सक्ने आधारहरू तोकिएको पाइन्छ ।

मूलत: पतिले सम्बन्ध विच्छेद गर्न पाउने आधार कारणहरूमा तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा, खान लाउन नदिई घरबाट निकाला गरेमा, ठूलो शारीरिक वा मानसिक कष्ट हुने काम वा जाल प्रपञ्च गरेमा र परपुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा भन्ने छ ।

त्यस्तै पत्नीले सम्बन्ध विच्छेद गर्न सक्ने आधार कारणहरूमा तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा, खान लाउन नदिई घरबाट निकाला गरेमा, ठूलो शारीरिक वा मानसिक कष्ट हुने काम वा जाल प्रपञ्च गरेमा, पतिले अर्को विवाह गरेमा, पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा र पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा उल्लेख छन् ।

उल्लिखित कानुनी बन्दोबस्त हेर्दा पत्नी/महिला/बुहारी मानिसले सम्बन्ध विच्छेद गर्न पाउने थप दुई आधार कारणमा पतिले अर्को विवाह गरेमा र पत्नीलाई पतिले जबरजस्ती करणी गरेको ठहरेमा भन्ने दुई थप आधार रहेको देखिन्छ ।

आज सम्बन्ध विच्छेद गर्ने आधारतर्फ चर्चा नगरी सोही परिच्छेदको दफा ९९ ले सम्बन्ध विच्छेद गर्नुअघि अंशबन्डा गर्नुपर्ने भन्ने कानुनी व्यवस्थाबारे छलफल गरौँ ।

दफा ९९ मा "पतिको कारणबाट पति पत्नीको बिच सम्बन्ध विच्छेद हुने अवस्थामा पत्नीले माग गरेमा सम्बन्धित अदालतले सम्बन्ध विच्छेद गर्नुअघि पति पत्नीबिच अंशबन्डा गर्न लगाउनुपर्नेछ ।" भन्ने कानुनी व्यवस्था गरेको पाइन्छ । अर्थात् पतिले सम्बन्ध विच्छेद गर्न चाहेमा पत्नीलाई अंश हक छुट्याई दिनुपर्ने हुन्छ ।

सोही दफाको उपदफा (२) मा पत्नीले खान लाउन नदिई घरबाट निकालेको बाहेकका आधारमा सम्बन्ध विच्छेद गर्न लोग्ने वा पतिले चाहेको खण्डमा पनि पतिको कारणबाट सम्बन्ध विच्छेद हुने अवस्था भएको मानिने कानुनी व्यवस्था गरिएको छ ।

उल्लिखित कानुनी व्यवस्थालाई हेर्दा पतिले वा पत्नीले जसले चाहे पनि लगभग सम्बन्ध विच्छेद हुनुअघि अंशबन्डा गर्नुपर्ने कानुनी व्यवस्था रहेको पाइन्छ ।

**विवाह गरी एक दिन पनि पतिसँग नबस्ने बराबर अंश पाउने ?**

विवाह भएको के कति समय पतिको घरमा पतिको घरपरिवारसँग समय व्यतीत गरेको बुहारी वा पत्नीले के कति अंश हकबापतको सम्पत्ति पाउने भन्नेबारे नेपालमा प्रचलित कानुनी व्यवस्थाको अध्ययन गर्दा जतिसुकै समय व्यतीत गरेको किन नहोस् अंशबन्डासम्बन्धी माथि चर्चा गरिएको कानुनी व्यवस्थाबमोजिम बुहारीले आफ्नो पतिको अंशबाट बराबर अर्थात् समान अंश हक पाउने देखिन्छ ।

अर्थात् विवाह गरेको १ (एक) दिन बसेकी पत्नी/बुहारीले पनि बराबर अंश हक पाउने देखिन्छ भने विवाह भएको जतिसुकै समय पति र पतिको परिवारसँग जीवन यापन गरेकी पत्नी/बुहारीले पनि बराबर अंश हक पाउने देखिन्छ ।

विवाह गरेर सन्तान नजन्माएको अवस्थामा पनि वा एक वा एकभन्दा बढी सन्तान जन्मिएको अवस्थामा पनि बुहारीले अंशबन्डासम्बन्धी कानुनी व्यवस्थाबमोजिम समान वा बराबर अंश हक पाउने देखिन्छ ।

सम्बन्ध विच्छेद गर्नुअघि अंशबन्डा गर्नुपर्ने अवस्थामा समान वा बराबर अंश हक पाउने विद्यमान कानुनी व्यवस्था के उचित हो ? प्रश्न उठ्न थालेको छ ।

विवाह भएको ४ दिन पनि पतिको घरमा नबस्ने, पतिसँग एकछिन पनि सँगै नसुत्ने बुहारीले छोरा वा पति सरह समान अंश पाउने विद्यमान कानुनी व्यवस्था उचित होइन कि ? भन्ने प्रश्न उठ्न थालेको छ ।

कागजी रूपमा विदेश जाने प्रयोजनका लागि दर्ता विवाह गरी सम्बन्ध विच्छेद गर्ने क्रममा विवाद बढ्दै जाँदा अंशबन्डा गर्नुपर्ने कि नपर्ने भन्ने प्रश्न उठेका मुद्दामा सर्वोच्च अदालतबाट यसरी विदेश जाने प्रयोजनका लागि मात्र विवाह दर्ता गरेको र सँगै बसेको नदेखिएको हकमा अंशबन्डा गर्न नपर्ने फैसला भएको पाइन्छ ।

तर सामाजिक परम्पराबमोजिम विवाह भएको अवस्थामा चार दिन पनि नबसेकी बुहारीलाई र दसौँ वर्ष पति, पतिको परिवारको सेवा टहल चाकरी गरी बसेकी बुहारीले पनि समान अंश पाउने कानुनी व्यवस्थामा पुनरावलोकन गर्नुपर्ने हो कि भन्ने प्रश्न उठेको हो ।

अत: विवाह भएको के कति मितिसम्म सम्बन्ध विच्छेद हुने भएमा अंश हक दाबी गर्न नपाउने वा पाउने भएमा पनि समान वा बराबर अंश हक नपाउने के कति प्रतिशत पाउने भन्ने सीमा तोकिनुपर्ने आवश्यकता महसुस गरिएको छ ।

सम्बन्ध विच्छेद गर्दै गर्दा अंश हकको सम्पत्ति दिनुपर्ने वा पाउने देखिएमा विवाह भएको समयावधि, पति र पतिको परिवारसँग बसे, नबसेको अवस्था, पति वा पतिको परिवारको टहल चाकरी, हेरविचार गरे नगरेको अवस्था, सन्तान भएको वा नभएको अवस्था, सम्बन्ध विच्छेद हुने दफा ९४ र ९५ मा उल्लिखित के कुन आधार/कारणबाट सम्बन्ध विच्छेद हुने हो सोको आधारमा पनि सम्बन्ध विच्छेद हुने बुहारी वा पत्नीले पाउने अंश हकको सम्पत्तिको सीमा फरक फरक हुनुपर्ने छलफल सुरु भएको छ ।

त्यस प्रकारको व्यवस्थाले बुहारी र आश्रित परिवारले उचित न्याय अथवा समन्याय पाएको अनुभूति गरिने देखिन्छ । अन्यथा विवाह गरेको एक दिन पनि पतिको घरमा नबसेकी बुहारीले पतिबाट बराबर अंश लाँदै गर्दा पतिको अंश घट्दै जाने र पछिल्लो श्रीमती र सन्तानले नगन्य वा नाम मात्रैको अंश हकको सम्पत्ति प्राप्त गर्ने अवस्था आउने देखिन्छ । जुन न्यायको मान्य सिद्धान्त प्राकृतिक न्यायको सिद्धान्तबमोजिम उचित होइन ।

अत: सम्बन्ध विच्छेद गर्दा सम्बन्ध विच्छेद गर्न चाहने पत्नी वा बुहारीले पाउने अंश हकको सम्पत्ति फरक फरक अवस्थामा फरक फरक मात्रामा मात्र दाबी गर्न वा प्राप्त गर्न सक्ने सीमा तोकिएको कानुनी व्यवस्था हुनु आवश्यक छ ।

# प्रेम र मोहको अन्तर

प्रेम गर्नुस्, मोहित नहुनुस् । प्रेम गर्नेहरू आफूले प्रेम गरेको मान्छेको सद्गुणको दिल खोलेर प्रशंसा गर्छन् र दुर्गुण र गल्तीलाई प्रेमपूर्वक औँल्याइदिन्छन् ।



पाठक पत्र

फ्यान र भक्तहरू मोहित हुन्छन् । उनीहरूका लागि आफ्ना आदर्श व्यक्ति आलोचनाभन्दा माथि हुन्छन् ।

ओलीका फ्यानहरूले उनको दुर्गन्धलाई समेत कति मिठो बास्ना भनिरहे । ओलीले सबैलाई आफ्नो झोले बनाउन खोजे । उनका भक्त फ्यानहरूले आफूलाई झोले भन्न लाज मानेनन् जब कि विवेकसम्मत कुनै पनि व्यक्ति वा कार्यकर्ताका लागि झोले बन्नु लज्जाको विषय थियो । तिनकै अन्धभक्तिमा दङ्ग परेर आज ओली आफू मात्रै पतन भएनन्, प्रजातन्त्र पुन:स्थापनापछिको सबैभन्दा जुझारु पार्टीलाई समेत उनले रसाताल पुर्‍याए ।

रवि लामिछानेका मामलामा त्यसभन्दा चर्को देखियो । अहिले बालेन्द्र शाहको मामलामा त सबै सीमाहरू तोडिए । कहाँसम्म भने उनले दसीबिना आफ्नो देशले अर्को देशको सीमा मिचेको आपत्तिजनक अभिव्यक्ति संसद्को रोस्ट्रममै उभिएर दिए । अन्यत्र भए यस्तोमा यो पार्टी, त्यो पार्टी नभनी महाभियोग लागिसक्थ्यो । तर, यति ठूलो देशघाती अभिव्यक्ति दिँदा समेत उनका फ्यानहरू पूजा–अर्चना गरिरहेछन्, रास्वपा लगभग मौन मुद्रामा कानको बिर्को थुनेर बसिरहेको छ । यही अभिव्यक्तिले बालेन्द्र शाहको पतनको दिन टाढा छैन र रास्वपाको भविष्यसमेत असंदिग्ध छैन ।

प्रेम गर्नेहरूका हृदयका आँखा खुला हुन्छन् । भक्ति गर्नेहरूका भौतिक आँखासमेत बन्द हुन्छन् ।

तपाईँहरूले सच्चा प्रेम गरेको भए ओली वा बालेन्द्र शाहले माफी मागेर गल्ती सच्याइसकेका हुने थिए ।

प्रेम र मोहमा यही अन्तर छ । बुद्ध र मार्क्सले मलाई सिकाएको यही हो है मेरी ख्वान्नियोपाँहरू !

*- अभय श्रेष्ठ*

# साना किसानलाई उपेक्षा र ठुला कम्पनीलाई पोस्ने बजेट

शिवप्रसाद रिजाल

अर्थतन्त्रको मेरुदण्ड मानिने कृषिक्षेत्र आज सङ्कटग्रस्त मोडमा पुगेको छ । राष्ट्रिय कुल गार्हस्थ उत्पादन (जीडीपी) मा कृषिक्षेत्रको करीब २५ प्रतिशत योगदान रहेको छ । दुईतिहाइभन्दा बढी जनसङ्ख्याको जीविकोपार्जनको मुख्य आधार कृषिक्षेत्र विगत केही वर्षदेखि संरचनागत सङ्कटतर्फ धकेलिँदै जानु दुःखद कुरा हो । कृषि वृद्धिदर ३.०५ प्रतिशतको मध्यम अवस्थाबाट निकै तल खस्केर अहिले १.५८ प्रतिशतमा झरेको छ ।

खाद्यान्न आयातको दर भने उचाइमा पुगेको छ । हजारौँ हेक्टर उर्वर भूमि सरोकारवालाहरूको बेवास्ताका कारण बाँझो रहन थालेको छ । गाउँघरमा श्रम गर्ने बलियो युवाशक्ति रोजगारीको खोजीमा दिनहुँ विदेश पलायन भइरहेको छ ।

यही चरम निराशाजनक पृष्ठभूमिमा वर्तमान सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि कुल २.१२४ खर्ब रूपैयाँको विशाल बजेट सार्वजनिक गरेको छ । अर्थमन्त्री स्वर्णिम वाग्लेद्वारा प्रस्तुत यस बजेटले कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण, आयात प्रतिस्थापन र राष्ट्रिय आत्मनिर्भरताका लागि ठुलो कदम चालेको दाबी गरेको छ । बजेटमा रासायनिक मल खरीदका लागि कीर्तिमानी रकम छुट्याइएको छ, स्वदेशी 'हरित युरिया' उत्पादनको नयाँ पहल सुरू गरिएको छ, ठुला सिँचाइ आयोजनाहरूमा लगानी थपिएको छ र कृषिमा आधारित उद्योगहरूका लागि कर व्यवस्थामा व्यापक लचिलोपन तथा कर छुटको घोषणा गरिएको छ । तर, यी आकर्षक नारा र कागजमा कोरिएका अङ्कहरू हेरेर उत्सव मनाउनुअघि हामीले तीनवटा अत्यन्तै असहज र गम्भीर प्रश्नहरूको उत्तर खोज्नुपर्ने हुन्छ । पहिलो, के यो नयाँ बजेटले खाद्यान्न आयातमा नेपालको दशकौँदेखिको घातक निर्भरतालाई सदाका लागि तोड्न सक्छ ? दोस्रो, के यसले देशको कृषि प्रणालीलाई साँच्चै पर्यावरणीय रूपमा दिगो र पर्यावरण-मैत्री बनाउँछ वा यसले हाम्रा खेतलाई अझ बढी रासायनिक विषादी र मलमा निर्भर बनाउँदै लैजान्छ ? तेस्रो, के यस बजेटले नेपालको वास्तविक धरातलमा रहेका र आधा हेक्टरभन्दा कम जग्गा जोतेर जीविकोपार्जन गर्ने सीमान्तकृत एवं गरीब किसानलाई कुनै वास्तविक तथा प्रत्यक्ष लाभ पुऱ्याउँछ ? यो सबैभन्दा महत्त्वपूर्ण प्रश्न हो । यो विस्तृत विश्लेषण केवल एउटा सामान्य वार्षिक समीक्षा होइन; यो नीति निर्माण गर्ने कर्मचारीतन्त्र, राष्ट्रिय नीति तय गर्ने राजनीतिज्ञहरू, गाउँगाउँमा खटिने विकास कार्यकर्ताहरू र आफ्नो हक अधिकारका लागि लडिरहेका किसान समूहहरूका लागि एउटा आँखा खोल्ने महत्त्वपूर्ण दस्तावेज हो ।

**सङ्कटको वास्तविक चित्र र कृषि क्षेत्रको धरातलीय अवस्था**

हरेक बिहान लाखौँ नेपाली किसान आफ्नो रगत-पसिना बगाउन र देशको पेट भर्न आफ्ना पुर्ख्यौली खेतबारीमा उत्रन्छन् । तर, विडम्बनाको कुरा; तिनै श्रमजीवी किसानका परिवारले दिउँसो र बेलुकाको छाक टार्न पञ्जाबबाट आयात गरिएको चामल, बिहारबाट ट्रक हुँदै भित्रिएको गोलभैँडा अनि चीनबाट ल्याइएको लसुन र मासु खान बाध्य हुनुपर्छ । यो राष्ट्रिय विरोधाभास कुनै भवितव्य वा भूलवश भएको दुर्घटना होइन । यो त दशकौँदेखि सञ्चालन गरिएका खण्डित र हचुवा नीति, अत्यन्तै कमजोर ग्रामीण पूर्वाधार र सिंहदरबारको बजेट विनियोजन तथा गाउँको जमीनको वास्तविक आवश्यकताबिचको गहिरो खाडलको प्रत्यक्ष परिणाम हो । वास्तवमा भन्नुपर्दा, नेपालको परम्परागत कृषि प्रणाली भित्रभित्रै खोक्रो र कमजोर हुँदै गएको छ ।

आजको तथ्याङ्कलाई केलाउने हो भने नेपालमा एउटा किसान परिवारको औसत खेतीयोग्य जग्गा केवल ०.५५ हेक्टरमा खुम्चिएको छ, जबकि दुई दशकअघि यो प्रतिपरिवार १ हेक्टरभन्दा बढी थियो । जमीनको यो चरम खण्डीकरणका कारण देशका करीब ४५ प्रतिशत कृषक परिवारमात्र आफ्नै कृषि उत्पादनबाट वर्षभरि खान पुग्ने अवस्थामा छन्, बाँकी ५५ प्रतिशत जनसङ्ख्या खाद्यान्नका लागि बजार र आयातमा निर्भर हुनुपर्छ । सामाजिक न्यायको दृष्टिकोणबाट हेर्दा दलित समुदायमा भूमिहीनताको अवस्था अझ बढी भयावह र हृदयविदारक छ । नेपालका पहाडी क्षेत्रका ३६.७ प्रतिशत र तराई क्षेत्रका ४१.४ प्रतिशत भूमिहीन दलित परिवारसँग आफ्नो भन्नु र खेती गर्ने कुनै भूमि नै छैन ।

उत्पादनको उत्पादकत्व स्तर पनि राष्ट्रिय आवश्यकताअनुरूप उत्साहजनक देखिँदैन । नेपालको धान उत्पादकत्व हाल प्रतिहेक्टर ३.८ देखि ४.१ टनसम्म मात्रै सीमित छ, जुन सन् २०५० सम्म बढ्दो जनसङ्ख्यालाई खाद्यान्न सुरक्षा प्रदान गर्न आवश्यक पर्ने प्रतिहेक्टर ५.३ टनको न्यूनतम लक्ष्यभन्दा निकै कम हो । नेपालले वार्षिक रूपमा करीब ५५ लाख मेट्रिक टन धान आफैँ उत्पादन गरे पनि राष्ट्रिय माग धान्नका लागि वार्षिक झण्डै ७ लाख मेट्रिक टन धान तथा चामल विदेशी मुलुकहरूबाट आयात गर्नु परेको तीतो यथार्थ हाम्रोसामु छ । कुल भौगोलिक क्षेत्रको केवल १५ प्रतिशत भूमि कृषियोग्य रहनु र त्यसमा पनि मात्र ४४.६ प्रतिशत क्षेत्रमा मात्रै कुनै न कुनै प्रकारको सिँचाइ सुविधा पुग्नुले हाम्रो उत्पादन क्षमतालाई थप सङ्कुचित बनाएको छ ।

उत्पादनको कमजोरीसँगै किसानहरूको आर्थिक अवस्था झन् पीडादायी र दयनीय बन्दै गएको छ । देशको प्रमुख दुग्ध उत्पादन क्षेत्र चितवनसहित देशभरका हजारौँ दुग्ध व्यवसायी



किसानहरूले आफ्नो दूध बेचेको महिनौँ बितिसक्दा पनि उचित भुक्तानी पाउन सकेका छैनन् । सरकारकै स्वामित्वमा रहेको दुग्ध विकास संस्थान (डीडीसी) ले मात्रै किसानहरूलाई करीब १ अर्ब रूपैयाँ तिर्न बाँकी छ भने निजी क्षेत्रका दुग्ध उद्योगहरूले थप २.५ अर्ब रूपैयाँ किसानको खल्तीबाट रोकेर राखेका छन् । उधारोमा दूध बेच्नुपर्ने र आफ्नो लगानीसमेत नउठ्ने परिस्थिति भएपछि धेरै किसानले पशुपालन व्यवसाय सधैँका लागि बन्द गरेका छन् । कतिपयले आफ्ना दुधालु गाईभैँसी सडकमै छाडेर आन्दोलनमा उत्रन बाध्य भएका छन् भने हजारौँ ऊर्जावान् ग्रामीण युवा कृषिमा कुनै भविष्य नदेखेर वैदेशिक रोजगारीका लागि खाडी मुलुक र मलेसियातर्फ पलायन भइरहेका छन् । खेत बाँझो हुँदै जाँदा र आयातको मात्रा बढ्दै जाँदा देश पूर्ण रूपमा परनिर्भरतातर्फ धकेलिरहेको छ ।

**बढ्दो खाद्य आयात र परनिर्भरताको डरलाग्दो तथ्याङ्क**

नेपालको कृषि क्षेत्रको सबैभन्दा चिन्ताजनक र डरलाग्दो पक्ष भनेको खाद्यान्न तथा अन्य दैनिक उपभोग्य वस्तुहरूमा विदेशी मुलुकहरूप्रति दिन प्रतिदिन बढ्दै गएको तीव्र आयात निर्भरता हो । देशको विशाल श्रमशक्ति कृषि कार्यमै संलग्न रहेको दाबी गरिए पनि हाल नेपालको कुल वार्षिक कृषि आयातले करीब ३९५ अर्ब रूपैयाँको विशाल अङ्क नाघिसकेको छ । आर्थिक वर्ष २०२५/२६ को पहिलो आठ महिनाको तथ्याङ्कले मात्रै देशको व्यापार घाटाको डरलाग्दो रूप देखाउँछ । उक्त अवधिमा मात्र चामल र धान आयातका लागि नेपालबाट २८ अर्ब रूपैयाँ बाहिरिएको छ । कुल खाद्यान्न आयातको कुरा गर्दा आठ महिनामा ३९.६४ अर्ब रूपैयाँ खर्च भएको देखिन्छ, जसमा चामल र धानको हिस्सा मात्रै ७१ प्रतिशत रहेको छ ।

यो परनिर्भरता मुख्य खाद्यान्नमा मात्र सीमित छैन । गहुँको आयातको मात्रा मात्र एक वर्षको अवधिमा ५,५४२ मेट्रिक टनबाट अस्वाभाविक रूपमा बढेर ३१,१५९ मेट्रिक टन पुगेको छ, जसले हाम्रो घरेलु उत्पादन प्रणालीमा आएको ह्रासलाई स्पष्ट पार्छ । अर्कोतर्फ, विश्व बजारमा आएको मूल्य उतारचढावका कारण रासायनिक मल आयात गर्न मात्रै नेपालले एकै वर्षमा ४५.८ अर्ब रूपैयाँ खर्च गर्नु परेको छ । आर्थिक वर्ष २०२४/२५ को पहिलो सात महिनाको प्रारम्भिक तथ्याङ्कअनुसार कृषि व्यापार घाटा मात्रै ७८ अर्ब रूपैयाँ पुगेको थियो, जहाँ देशले जम्मा ७८ अर्बको निर्यात गर्दा त्यसको दोब्बर अर्थात् १५६ अर्ब रूपैयाँ बराबरको कृषि सामग्री र खाद्यान्न आयात गरेको देखिन्छ ।

घरेलु भान्सामा दैनिक प्रयोग हुने साना र सामान्य वस्तुहरू जस्तै प्याज, आलु, धनियाँ, रहर तथा चनाको दालसमेत अहिले ठुलो परिमाणमा दक्षिणतर्फको खुला सीमाबाट भित्रिने गरेको छ । तथ्याङ्कलाई अझ विस्तृत रूपमा केलाउँदा, नेपालले वार्षिक रूपमा करीब ३५.५३ अर्ब रूपैयाँ बराबरको कुल ६ लाख ९८ हजार ९०५ मेट्रिक टन धान र चामल (जसमा २ लाख १ हजार ९१६ टन चामल र ४ लाख ९६ हजार ९८९ टन धान समावेश छ) आयात गर्दछ । मकैको कुरा गर्दा, विशेष गरी स्वदेशी पोल्ट्री र पशु दाना उद्योगका लागि आवश्यक पर्ने मकै आयात गर्न वर्षको पहिलो सात महिनामा मात्रै १०.०७ अर्ब रूपैयाँ खर्च भएको छ । सोही अवधिमा गहुँ आयातमा २६.८ करोड रूपैयाँ बाहिरिएको छ ।

तरकारी र फलफूलको बजार त पूर्ण रूपमा आयातको कब्जामा छ; नेपालले वार्षिक १४ देखि १५ अर्ब रूपैयाँभन्दा बढीको तरकारी र ११ देखि १२ अर्ब रूपैयाँ बराबरको फलफूल बाहिरबाट खरिद गर्दछ । नेपाल धान र चामलमा मात्र होइन, बरु भान्सामा पाक्ने हरेक परिकार, मसला र पशुलाई खुवाउने दाना एवं घाँसमा समेत विदेशी बजारसँग पूर्ण रूपमा बाँधिएको छ, जसले गर्दा देशको आर्थिक सार्वभौमिकता र खाद्य सुरक्षामा जुनसुकै बेला गम्भीर सङ्कट आउन सक्छ ।

**बजेटका नयाँ व्यवस्था र सरकारको रणनीतिक योजना**

यही गम्भीर धरातलीय यथार्थ र सङ्कटलाई दृष्टिगत गर्दै आर्थिक वर्ष २०८३/८४ को नयाँ बजेटले कृषि क्षेत्रलाई पुनर्जीवित र रूपान्तरण गर्नका लागि मुख्य रूपमा ६ वटा रणनीतिक र प्राविधिक क्षेत्रहरू अघि सारेको छ । पहिलो र सबैभन्दा ठुलो प्राथमिकता रासायनिक मल र कृषि सामग्रीको नियमित आपूर्तिलाई दिइएको छ । सरकारले यसका लागि रासायनिक मल खरीद र ढुवानीको अनुदानमा गत वर्षको २८.८२ अर्बबाट वृद्धि गरी कुल ३२.३६ अर्ब रूपैयाँ विनियोजन गरेको छ, जसको माध्यमबाट देशमा वार्षिक ६ लाख मेट्रिक टन मल आपूर्ति गर्ने महत्त्वाकाङ्क्षी लक्ष्य राखिएको छ । यसै कार्यक्रमअन्तर्गत नेपालको इतिहासमै पहिलोपटक, देशमा बढी भएको जलविद्युत्को उपयोग गरी सार्वजनिक-निजी साझेदारीमा आन्तरिक रूपमै 'हरित युरिया' मल कारखाना स्थापना गर्ने योजना अघि सारिएको छ । यदि यो योजना सफल भएमा यसले मल आयातमा बर्सेनि बाहिरिने अर्बौं रूपैयाँको विदेशी मुद्रा देशभित्रै बचाउन सक्छ ।

दोस्रो प्राथमिकता सिँचाइ क्षेत्रको पूर्वाधार विस्तारमा छ । कुल खेतीयोग्य जमीनको ठुलो हिस्सा अझै पनि आकाशेपानीको भरमा रहेकोले बजेटले तराईका जिल्लाहरूमा भूमिगत सिँचाइ प्रणाली विकासका लागि १.८३ अर्ब रूपैयाँ विनियोजन गरेको छ, जसबाट थप ३,१८० हेक्टर कमान्ड क्षेत्रमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य छ । साथै, राष्ट्रिय गौरवको सुनकोशी-मरिण डाइभर्सन आयोजनाको कामलाई तीव्रता दिन र तराईका थप खेतमा पानी पुऱ्याउन ५३ करोड रूपैयाँ छुट्याइएको छ ।

तेस्रो व्यवस्था व्यावसायिक कृषिको प्रवर्द्धन र ठुला लगानीकर्तालाई आकर्षित गर्नेसँग सम्बन्धित छ । यसअन्तर्गत कृषि क्षेत्रमा कम्तीमा २ करोड रूपैयाँ वा सोभन्दा बढी लगानी गर्ने ठुला कृषक, कृषि सहकारी वा कर्पोरेट हाउसहरूलाई कुल पुँजीगत लगानीको ४० प्रतिशतसम्म सरकारी अनुदान दिने व्यवस्था गरिएको छ, जुन अनुदान रकम ४ वर्षको अवधिमा प्रतिवर्ष १० प्रतिशतका दरले सोधभर्ना गरिनेछ । यसका साथै फलफूलका ठुला व्यावसायिक बगैँचा स्थापना, उन्नत बीउ उत्पादन, आधुनिक प्लास्टिक टनेल प्रविधि, व्यावसायिक मसला र उच्च मूल्यका जडीबुटी खेतीमा संलग्न हुनेहरूलाई विशेष प्रोत्साहन प्याकेज घोषणा गरिएको छ ।

चौथो बुँदामा पशुपालन क्षेत्रको विकास र सुरक्षाको योजना छ । महामारीका कारण पशुधनमा हुने ठुलो क्षति रोक्न विशेष गरी खोरेत र पीपीआरजस्ता सङ्क्रामक रोग नियन्त्रणका लागि २.४ अर्ब रूपैयाँ विनियोजन गरिएको छ । यसका साथै, किसानहरूलाई जोखिमबाट जोगाउन बाली तथा पशु बीमाको प्रिमियम शुल्कमा ८० प्रतिशतसम्मको भारी सरकारी अनुदान दिने व्यवस्थालाई निरन्तरता दिँदै देशमै खोप उत्पादन कारखाना स्थापना गर्ने रणनीति बनाइएको छ ।

पाँचौँ क्षेत्र भूमि व्यवस्थापन र भूमिको सही उपयोग हो । बजेटले स्थानीय तहहरूसँग मिलेर 'भूमि बैङ्क' स्थापना गर्ने र 'एग्रो-पुलिङ' कार्यक्रममार्फत श्रम पलायनका कारण गाउँमा बाँझो रहेका हजारौँ हेक्टर जमीनलाई एकीकृत गरी पुनः उत्पादन प्रक्रियामा ल्याउने प्रतिबद्धता जनाएको छ ।

छैटौँ र अन्तिम रणनीतिक खम्बा कृषि प्रशोधन र उद्योगहरूको मूल्य अभिवृद्धिसँग सम्बन्धित छ । नयाँ स्थापना हुने कृषि प्रशोधन उद्योगहरूलाई प्रोत्साहन गर्न सरकारले स्थापना कालदेखि पूर्ण रूपमा १० वर्षसम्म आयकर छुट दिने घोषणा गरेको छ । साथै, कृषि उत्पादनलाई लामो समय सुरक्षित राख्न आवश्यक पर्ने कोल्ड स्टोरेज (शीतभण्डार), आधुनिक प्याकेजिङ मेसिनरी र गुणस्तर परीक्षण प्रयोगशालाका उपकरण आयात गर्दा लाग्ने मूल्य अभिवृद्धि कर (भ्याट) पूर्ण रूपमा छुट दिने क्रान्तिकारी व्यवस्था गरिएको छ । किसानहरूले आफ्नो उत्पादन भण्डारण गरी त्यसैको आधारमा बैङ्कबाट सरल ऋण लिन सकून् भन्नका लागि 'वेयरहाउस रिसिप्ट फाइनान्सिङ' को कानुनी र वित्तीय सुरूआत गरिएको छ ।

**बजेटका सकारात्मक पक्ष र संरचनागत सुधारका सङ्केत**

विगतका परम्परागत बजेटहरूको तुलनामा आर्थिक वर्ष २०८३/८४ को यस बजेटमा केही स्पष्ट र सकारात्मक संरचनागत सुधारका सङ्केतहरू देख्न सकिन्छ, जसले सही ढङ्गले कार्यान्वयन भएको खण्डमा नेपाली कृषिको स्वरूप बदल्न सक्छन् । यस बजेटले किसानलाई केवल क्षणिक राहत वा खुद्रा अनुदान बाँड्ने पुरानो परिपाटीलाई तोडेर दीर्घकालीन र संरचनागत सुधारतर्फ ध्यान केन्द्रित गरेको छ । सिँचाइ पूर्वाधारको विस्तार, भूमिको चक्लाबन्दीका लागि भूमि बैङ्कको अवधारणा, जोखिम न्यूनीकरणका लागि पशु र बाली बीमाको व्यवस्था र देशलाई आत्मनिर्भर बनाउन हरित युरिया कारखानाको योजनाजस्ता कार्यक्रमहरू दीर्घकालीन सोचका साथ ल्याइएका छन् । यसले कृषिलाई केवल निर्वाहमुखी पेसा होइन, बरु एउटा नाफामूलक र मर्यादित उद्योगका रूपमा स्थापित गर्ने जग बसाल्न खोजेको छ ।

दोस्रो सकारात्मक पक्ष कृषि क्षेत्रको व्यावसायीकरण र औद्योगिकीकरणमा दिइएको विशेष जोड हो । नयाँ कृषि उद्योगहरूलाई १० वर्षसम्म आयकरमा पूर्ण छुट दिनु र शीतभण्डार तथा प्याकेजिङ उपकरणमा भ्याट मिनाहा गर्नुले निजी क्षेत्र र युवा उद्यमीहरूलाई कृषि प्रशोधन क्षेत्रमा ठुलो लगानी गर्न आकर्षित गर्नेछ । जब देशभित्रै प्रशोधन उद्योगहरू खुल्नेछन्, तब कच्चा कृषि उत्पादनको सट्टा मूल्य अभिवृद्धि भएका तयारी वस्तुहरू बजारमा जानेछन्, जसले गर्दा स्वदेशी उत्पादनले विदेशी वस्तुसँग प्रतिस्पर्धा गर्न सक्नेछ र युवाले कृषि उद्यममै रोजगारी पाउनेछन् ।

**बजेटका कमजोरी, नीतिगत विरोधाभास र रेड फ्ल्याग**

कागजी रूपमा जतिसुकै आकर्षक र सुधारमुखी देखिए पनि यो कृषि बजेटभित्र कैयौँ गम्भीर कमजोरीहरू, नीतिगत विरोधाभास र डरलाग्दा रेड फ्ल्यागहरू लुकेका छन्, जसलाई बेलैमा सम्बोधन नगरिए यसले कृषिको उत्थान होइन, बरु यसलाई अझ ठुलो सङ्कटतर्फ धकेल्ने निश्चित छ । पहिलो र सबैभन्दा ठुलो विरोधाभास त बजेटको आकारमै देखिन्छ । सरकारले एकातिर कृषिको पुनरुत्थान र आयात प्रतिस्थापनको ठुलो नारा लगाएको छ । तर, अर्कोतिर कृषि मन्त्रालयको कुल बजेट सिलिङ गत वर्षको तुलनामा करीब १० अर्ब रूपैयाँभन्दा बढीले घटाएर ४६.९२ अर्ब रूपैयाँमा झारेको छ । कृषिजस्तो प्राथमिकता प्राप्त क्षेत्रको कुल बजेट नै कटौती गरेर रासायनिक मलको शीर्षकमा मात्र खर्च बढाउनु आफैँमा एउटा गम्भीर नीतिगत र रणनीतिक विरोधाभास हो ।

दोस्रो गम्भीर कमजोरी भनेको रासायनिक मलमा देशको अत्यधिक र असन्तुलित निर्भरता हो । कुल कृषि बजेटको करीब ७० प्रतिशतभन्दा ठुलो हिस्सा केवल रासायनिक मलको अनुदान र खरीदमा केन्द्रित गरिएको छ । यसले गर्दा कृषिका अन्य अत्यन्तै संवेगात्मक र आधारभूत क्षेत्रहरू जस्तै- प्राङ्गारिक कृषिको प्रवर्द्धन, जैविक मल र कम्पोस्ट उत्पादन, माटोको ह्रास भइरहेको स्वास्थ्य सुधार, कृषि अनुसन्धान, उन्नत बीउ प्रणाली, कृषि प्राविधिकहरूको परिचालन र प्रसार सेवा, तथा परागसेचनका लागि आवश्यक पर्ने मौरीपालन र संरक्षणजस्ता महत्त्वपूर्ण पाटाहरू पूर्ण रूपमा उपेक्षित र वित्तीय स्रोतविहीन बन्न पुगेका छन् । लामो समयसम्म खेतमा रासायनिक मल मात्रै खाँद्दा माटोको जैविक संरचना नष्ट भई उत्पादकत्व सधैँका लागि समाप्त हुने खतरा रहन्छ, जसलाई यो बजेटले पूर्ण रूपमा नजरअन्दाज गरेको छ ।

तेस्रो ठुलो त्रुटि बजेटको 'कर्पोरेट क्याप्चर' को जोखिम हो । व्यावसायिक कृषिलाई बढावा दिने बहानामा ल्याइएको ४० प्रतिशत पुँजीगत अनुदान पाउनका लागि किसान आफैँले सुरूमा न्यूनतम २ करोड रूपैयाँ नगद लगानी गर्नुपर्ने बाध्यात्मक व्यवस्था राखिएको छ । नेपालको धरातलीय यथार्थमा आधा हेक्टरभन्दा कम जमीन भएका र दैनिक गुजाराका लागि सङ्घर्ष गरिरहेका ९० प्रतिशतभन्दा बढी साना र गरीब किसानका लागि २ करोडको लगानी आकाशको फलजस्तै हो । यस व्यवस्थाले राज्यको ढुकुटी र करदाताको पैसा सोझै सीमित ठुला व्यापारी, राजनीतिक पहुँच भएका कर्पोरेट हाउस र टाठाबाठाहरूको हातमा सुम्पने ढोका खोलेको छ, जसको प्रत्यक्ष प्रमाण चितवन र मकवानपुरका साना किसानहरूको आक्रोश र गुनासोले स्पष्ट पार्छ ।

चौथो रेड फ्ल्याग जलवायु सङ्कटप्रति बजेटको चरम बेवास्ता र असंवेदनशीलता हो । नेपाल जलवायु परिवर्तनको दृष्टिकोणले विश्वकै सबैभन्दा जोखिमपूर्ण मुलुकहरूमध्ये एक हो । हाम्रा किसानहरूले दिनहुँ अनपेक्षित लामो खडेरी, बेमौसमी भीषण वर्षा, विनाशकारी बाढी, पहाडी पहिरो, हिमाली क्षेत्रमा हिमताल विस्फोटको खतरा र नयाँ-नयाँ मिचाहा रोग तथा कीराहरूको प्रकोपजस्ता भयानक समस्याहरूको सामना गरिरहेका छन् । तर, यी विशिष्ट र भौगोलिक रूपमा फरक-फरक जोखिमलाई सम्बोधन गर्न बजेटले कुनै ठोस जलवायु अनुकूलन कार्यक्रम ल्याउन सकेको छैन । हिमाल, पहाड र तराईको फरक सङ्कटलाई एउटै 'ब्ल्यांकेट एप्रोच' बाट हल खोज्नु नीतिगत मूर्खता मात्र हो ।

पाँचौँ कमजोरी कृषि अनुसन्धान र प्रसार सेवाको पूर्ण उपेक्षा हो । नेपाल कृषि अनुसन्धान परिषद् र देशका कृषि विश्वविद्यालयहरू बजेट अभावका कारण थला परेका छन् । नयाँ प्रविधिको विकास, स्थानीय हावापानी सुहाउँदो उन्नत बीउको आविष्कार र किसानको खेतबारीसम्म पुगेर प्राविधिक ज्ञान दिने कृषि जेटी र प्राविधिकहरूको सङ्ख्या देशभरि नै अत्यन्तै न्यून छ । प्राविधिक ज्ञान र प्रसार सेवाविना केवल पैसा र मल बाँडेर उत्पादकत्व बढाउन सकिँदैन भन्ने सत्यलाई बजेटले बिर्सेको छ ।

छैटौँ र सबैभन्दा घातक जोखिम भनेको संस्थागत भ्रष्टाचार, कमिसनखोरी र चुहावट हो । नेपालको कृषि अनुदानको इतिहास हेर्ने हो भने यो वास्तविक किसानसम्म कहिल्यै पुग्दैन । राजनीतिक दलका स्थानीय कार्यकर्ता, कर्मचारीतन्त्रको मिलेमतो र नक्कली कागजात खडा गर्ने 'कागजी किसान' हरूले नै सधैँ अनुदान हडप्ने गरेका छन् । वास्तविक किसान त मल र बीउ नपाएर सधैँ लाइनमै मर्नुपर्ने अवस्था छ । यसका साथै, नेपालको पुँजीगत खर्च गर्ने क्षमता ऐतिहासिक रूपमा कमजोर छ; सुनकोशी-मरिण र ठुला सिँचाइ आयोजनाहरूको नाम हरेक वर्ष बजेटमा दोहोऱ्याइन्छ । तर, ठेक्कापट्टाको ढिलासुस्ती र कमिसनको चक्करका कारण बजेट वर्षौंसम्म खर्च नभई फ्रिज भएर बस्ने र विकास ठप्प हुने पुरानो रोगबाट यो बजेट पनि मुक्त देखिंदैन ।

**के यस बजेटले गरीब किसानलाई फाइदा पुऱ्याउँछ ?**

यदि हामीले यस बजेटको भित्री तहमा पसेर सोझो र इमानदार प्रश्न सोध्ने हो भने के

*बाँकी पृष्ठ ७ मा*

# इरान–इजरायल तनाव फेरि चुलियो युद्धविरामपछि क्षेप्यास्त्र आक्रमण सुरु



तेहरान, २५ जेठ (एपी)। अप्रिलको सुरुवातमा लागू भएको युद्धविरामपछि इरानले पहिलो पटक इजरायलतर्फ क्षेप्यास्त्र प्रहार गरेको इजरायलले जनाएको छ। यस घटनाले पुन: व्यापक युद्ध भड्किने सम्भावना बढाएको छ र शान्ति प्रयासहरूलाई जटिल बनाएको छ।

इरानको सरकारी प्रसारण संस्थाले क्षेप्यास्त्र प्रहारको पुष्टि गरेको छ। सम्भावित जवाफी आक्रमणको तयारीस्वरूप इरानले आफ्नो पश्चिमी हवाई क्षेत्र बन्द गरेको छ। यसअघि इजरायलले लेबनानको बेरुतस्थित दक्षिणी उपनगरमा आक्रमण गरेको थियो, जसको प्रतिशोधस्वरूप क्षेप्यास्त्र प्रहार गरिएको इरानले जनाएको छ।

इरानको क्रान्तिकारी सुरक्षा बलले जारी गरेको वक्तव्यमा यस्ता आक्रमण दोहोरिएमा अमेरिकी तथा इजरायली लक्ष्यहरूविरुद्ध अझ व्यापक प्रतिक्रिया दिइने चेतावनी दिएको छ।

क्षेप्यास्त्र आक्रमणपछि इजरायलका विभिन्न क्षेत्रमा चेतावनी ध्वनि बजाइयो र लाखौं नागरिक सुरक्षित आश्रयस्थलतर्फ



गएका थिए। इजरायली सेनाका अनुसार अधिकांश क्षेप्यास्त्रहरू हवाई प्रतिरक्षा प्रणालीले निष्क्रिय पारेको थियो। उत्तरी क्षेत्रमा केही विस्फोटका आवाज सुनिएको बताइएको छ।

इजरायली सेनाले इरानले गम्भीर गल्ती गरेको भन्दै आवश्यक परे कडा जवाफी कारबाही गरिने चेतावनी दिएको छ।

यद्यपि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायललाई थप सैन्य प्रतिक्रिया आवश्यक नभएको सङ्केत दिनुभएको छ। उहाँले एक अन्तर्वार्तामा सबै प्रमुख निर्णय आफूले गर्ने बताउनुभयो।

यस घटनाले मध्यपूर्वमा फेरि तनाव बढाएको छ र युद्धविरामको भविष्यमाथि गम्भीर प्रश्न खडा गरेको छ।

**युद्धविरामपछि फेरि इरानमाथि आक्रमण सुरु**

युद्धविरामपछि मध्यपूर्वमा शान्ति कायम हुने अपेक्षाबिच इरान र इजरायलबिच सोमबार बिहान पुन: क्षेप्यास्त्र र हवाई आक्रमणको आदान-प्रदान भएपछि क्षेत्रीय तनाव तीव्र रूपमा बढेको छ। पछिल्ला घटनाले व्यापक युद्ध पुन: भड्किन सक्ने जोखिम बढाएको छ।

इजरायली अधिकारीहरूले इरानबाट देशतर्फ दुई लहरमा क्षेप्यास्त्र प्रहार भएको पुष्टि गर्दै नागरिकलाई तुरुन्तै सुरक्षित आश्रयमा जान आग्रह गरेका थिए। राजधानी तेलअभिभ र अन्य क्षेत्रमा साइरन बज्दा हवाई प्रतिरक्षा प्रणाली सक्रिय गरिएको र केही स्थानमा विस्फोटका आवाज सुनिएको जनाइएको छ। अधिकांश क्षेप्यास्त्र अवरोध गरिएको दाबी इजरायलले गरेको छ।

यसको जवाफी कारबाहीस्वरूप इजरायली सेनाले सोमबार बिहान पश्चिमी र मध्य इरानका सैन्य लक्ष्यहरूमा हवाई आक्रमण गरेको बताएको छ। इरानी सरकारी सञ्चारमाध्यमले तेहरान, इस्फहान, करज र तब्रिजमा विस्फोटको आवाज सुनिएको रिपोर्ट गर्दै राजधानी वरपर हवाई क्षेत्र अस्थायी रूपमा बन्द गरिएको जनाएको छ। यद्यपि क्षतिको विस्तृत विवरण सार्वजनिक गरिएको छैन।

इरानको क्रान्तिकारी सुरक्षा बलले इजरायलले हावाबाट प्रक्षेपण गरिएको ब्यालेस्टिक मिसाइल प्रयोग गरेको आरोप लगाउँदै आक्रमणलाई गम्भीर उल्लङ्घन भनेको छ। सोही क्रममा इजरायलले 'आतङ्कवादी शासनसँग सम्बन्धित सैन्य लक्ष्य' मा कारबाही गरिएको मात्र प्रतिक्रिया दिएको छ।

यमनबाट प्रक्षेपण भएको क्षेप्यास्त्रका कारण पनि इजरायलमा पुन: चेतावनी साइरन बजेको थियो। उक्त प्रक्षेपण हुथी विद्रोहीहरूबाट भएको आशङ्का गरिएको छ, यद्यपि तत्काल उनीहरूले जिम्मेवारी लिएका छैनन्। साउदी अरबको अमेरिकी सैन्य अड्डा नजिक पनि क्षेप्यास्त्र चेतावनी जारी भए पनि केही समयपछि खतरा हटेको घोषणा गरिएको थियो।

यसैबिच क्षेत्रीय ऊर्जा आपूर्ति र सुरक्षा अवस्थाप्रति चिन्ता बढेको छ। हर्मुज जलघाँटी आसपासको तनाव, इरानको युरेनियम भण्डार र यमनमा हुथी गतिविधिले द्वन्द्व थप फैलिन सक्ने चेतावनी विश्लेषकहरूले दिएका छन्।

पूर्ववर्ती घटनाक्रमअनुसार इजरायलले लेबनानको बेरुतस्थित हिज्बुल्लाह लक्षित हवाई आक्रमण गरेपछि इरान-इजरायलबिच प्रत्यक्ष टकराव बढेको देखिएको हो। सोही शृङ्खलामा सोमबारको आक्रमण भएको बताइएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायललाई तत्काल प्रतिकार नगर्न आग्रह गर्नुभएको दाबी अमेरिकी अधिकारीमार्फत बाहिर आएको छ। ट्रम्पले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँगको टेलिफोन वार्तामा स्थिति नियन्त्रणमा राख्न सुझाएको बताइएको छ। उहाँले अमेरिका नै प्रमुख निर्णयकर्ता रहने सङ्केतसमेत गर्नुभएको छ।

इरान र इजरायलबिचको पछिल्लो टकरावले युद्धविरामको भविष्य अन्योलमा परेको छ भने मध्यपूर्व पुन: पूर्णस्तरको युद्धतर्फ धकेलिन सक्ने चिन्ता बढेको छ।

# फिलिपिन्समा शक्तिशाली भूकम्पपछि सुनामी चेतावनी



मनिला, २५ जेठ (एपी)। दक्षिणी फिलिपिन्समा सोमबार बिहान ७.८ म्याग्निच्युडको शक्तिशाली समुद्री भूकम्प आएपछि सुनामीको खतरा उत्पन्न भएको छ। भूकम्पले प्रमुख तटीय क्षेत्रहरूलाई हल्लाउनुका साथै भवनहरूमा क्षति पुऱ्याएको, विद्युत् सेवा अवरुद्ध भएको र केही स्थानमा एक मिटर उचाइसम्मका सुनामीका छालहरू मापन गरिएको अधिकारीहरूले बताएका छन्।

फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरले जोखिमयुक्त तटीय क्षेत्रका बासिन्दाहरूलाई तत्काल सुरक्षित उच्च स्थानतर्फ जान आग्रह गर्नुभएको छ। उहाँले सुनामी चेतावनीलाई गम्भीरतापूर्वक लिन आग्रह गर्दै मानिसको जीवनभन्दा महत्त्वपूर्ण अरू केही नभएको बताउनुभयो। साथै, राष्ट्रिय सरकार र विपद् व्यवस्थापन निकायहरू पूर्ण रूपमा परिचालित अवस्थामा रहेको जानकारी दिनुभयो।

फिलिपिन्स ज्वालामुखी तथा भूकम्प विज्ञान संस्थानका अनुसार भूकम्प बिहान ७:३७ बजे जनरल सान्टोस सहरको दक्षिणपश्चिम समुद्री क्षेत्रमा केन्द्रित भएर आएको थियो। करिब सात लाख जनसङ्ख्या रहेको यो सहर दक्षिणी फिलिपिन्सको प्रमुख व्यापारिक तथा टुना प्रशोधन केन्द्र मानिन्छ। भूकम्पको केन्द्र कोटाबाटो समुद्री गर्त क्षेत्रमा १० किलोमिटर गहिराइमा रहेको जनाइएको छ।

अधिकारीहरूका अनुसार हालसम्म मानवीय क्षतिको पुष्टि भएको छैन। यद्यपि जनरल सान्टोसमा एउटा सानो व्यावसायिक भवन आंशिक रूपमा भत्किएको छ। उक्त भवनमा मानिस फसेका वा घाइते भएका छन् कि छैनन् भन्ने विषयमा अझै स्पष्ट जानकारी प्राप्त भएको छैन। स्थानीय रेडियो संस्था डिजेडआरएचले आफ्नो शाखा रहेको भवनको केही भाग ढलेको तर कर्मचारीहरू सुरक्षित रहेको जनाएको छ।

भूकम्पका कारण अन्य भवनहरूबाट पनि संरचनात्मक सामग्री खसेका छन्। सडक किनारमा पार्क गरिएका तीनपाङ्ग्रे ट्याक्सीहरूमा भग्नावशेष खसेको विवरण प्राप्त भएको छ। कार्यालय समय सुरु हुनुअघि भूकम्प आएकाले ठूलो मानवीय क्षति टरेको अनुमान गरिएको छ।

प्रशान्त सुनामी चेतावनी केन्द्रले फिलिपिन्सका केही तटीय क्षेत्रमा तीन मिटर उचाइसम्मका छालहरू आउन सक्ने चेतावनी दिएको थियो। त्यसैगरी मलेसिया र इन्डोनेसियाका केही तटीय क्षेत्रमा एक मिटर उचाइसम्मका सुनामी छालको जोखिम रहेको बताइएको थियो। फिलिपिन्सका साराङ्गानी र सुल्तान कुदारात क्षेत्रमा राखिएका सुनामी निगरानी केन्द्रहरूले एक मिटर उचाइका छालहरू अभिलेख गरेका छन् भने अन्य केही स्थानमा साना छालहरू देखिएका छन्।

भूकम्पपछि मलेसियाको मौसम विभागले बोर्नियो टापुको सबाह राज्यका लागि सुनामी चेतावनी जारी गरेको थियो। सबाह क्षेत्र दक्षिणी फिलिपिन्ससँग समुद्री मार्गबाट नजिक मानिन्छ। इन्डोनेसियाको सुलावेसी टापुमा ८३ सेन्टिमिटर उचाइको सुनामी छाल मापन गरिएको अधिकारीहरूले बताएका छन्।

ताइवान, जापान, पपुवा न्यू गिनी तथा पश्चिमी प्रशान्त क्षेत्रका केही टापु राष्ट्रहरूमा पनि समुद्री सतहमा सामान्य उतारचढाव देखिन सक्ने चेतावनी जारी गरिएको थियो। यद्यपि भूकम्प आएको करिब दुई घण्टापछि गुआमका लागि जारी सल्लाह फिर्ता लिइएको छ भने हवाईका लागि कुनै खतरा नरहेको जनाइएको छ।

अमेरिकी भूवैज्ञानिक सर्वेक्षणका अनुसार मुख्य भूकम्पपछि ६.५ म्याग्निच्युडको शक्तिशाली परकम्प पनि महसुस गरिएको छ। विभिन्न निकायहरूले भूकम्पको गहिराइबारे फरक-फरक प्रारम्भिक विवरण सार्वजनिक गरे पनि यस्तो अवस्था ठूला भूकम्पपछि सामान्य मानिन्छ।

प्रशान्त महासागरको 'रिङ अफ फायर' भनिने अत्यधिक भूकम्पीय सक्रिय क्षेत्रमा अवस्थित फिलिपिन्स विश्वका सबैभन्दा बढी प्राकृतिक विपद् प्रभावित मुलुकमध्ये एक हो। यहाँ बारम्बार भूकम्प, ज्वालामुखी विस्फोट तथा प्रत्येक वर्ष करिब २० वटा आँधी र समुद्री तूफानले व्यापक प्रभाव पार्ने गरेका छन्।

# कङ्गोमा इबोला प्रकोप तीव्र : ५१५ सङ्क्रमित, ९१ मृत्यु

किन्शासा, २५ जेठ (सिन्ह्वा)। कङ्गो प्रजातान्त्रिक गणतन्त्रमा इबोला सङ्क्रमितको सङ्ख्या ५१५ पुगेको छ भने ९१ जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। अधिकारीहरूले आइतबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार रोगको फैलावट अझै नियन्त्रणमा आएको छैन र नियन्त्रणका उपाय तुरुन्त प्रभावकारी रूपमा लागू नगरे अवस्था झन् बिग्रिन सक्ने चेतावनी दिइएको छ।

स्वास्थ्य मन्त्रालयका अनुसार थप तीन जना बिरामी निको भएपछि निको हुनेको सङ्ख्या १२ पुगेको छ। हाल ११७ जना शङ्कास्पद सङ्क्रमित रहेका छन् भने २८३ जना बिरामी आइसोलेसन वा उपचारमा छन्।

धेरैजसो पुष्टि भएका बिरामीहरूमा लक्षण जेठ १ देखि जेठ १० बिच देखिएको पाइएको छ, जसले



सम्भावित एउटै स्रोतबाट सङ्क्रमण तीव्र रूपमा फैलिएको सङ्केत गरेको छ। जेठ १२ देखि असार १ बिच पनि नयाँ बिरामीहरूमा लक्षण देखिनु सङ्क्रमण अझ फैलिरहेको प्रमाण भएको बताइएको छ।

स्वास्थ्य अधिकारीहरूले समयमै कडा नियन्त्रण उपाय नअपनाइए सङ्क्रमित सङ्ख्या अझै बढ्न सक्ने चेतावनी दिएका छन्।

रोग नियन्त्रण प्रयासहरू कमजोर सम्पर्क निगरानी, समुदायको असहयोग, उपचार केन्द्रहरूको सीमित क्षमता, सङ्क्रमण रोकथाम सामग्रीको अभाव र बजेट अभावका कारण प्रभावित भएका छन्।

तीन प्रभावित प्रान्तमा सम्पर्क निगरानी दर ५०.३ प्रतिशत मात्र रहेको छ, जुन लक्ष्य ९५ प्रतिशतभन्दा धेरै कम हो।

उत्तर किभु क्षेत्रमा परीक्षण सामग्रीको अभावका कारण १९३ परीक्षण नतिजा अझै पर्खाइमा रहेका छन्।

हालको प्रकोप बन्डिबुग्यो प्रकारको इबोला भाइरसका कारण भएको हो, जसलाई जेठ १ मा औपचारिक रूपमा घोषणा गरिएको थियो।

# पाकिस्तानको उत्तर-पश्चिम क्षेत्रमा सैन्य कारबाहीमा २७ आतङ्ककारी मारिए

इस्लामाबाद, २५ जेठ (सिन्ह्वा)। पाकिस्तानका सुरक्षा बलहरूले पछिल्ला ७२ घण्टामा खैबर पख्तुनख्वा प्रान्तको उत्तर वजिरिस्तान जिल्लामा सञ्चालन गरिएको गुप्तचर-आधारित शृंखलाबद्ध कारबाहीमा २७ आतङ्कारीलाई मारिएको पाकिस्तानी सेनाको जनसम्पर्क विभागले आइतबार जनाएको छ।

सेनाका अनुसार मिरान शाह क्षेत्रमा रहेका विभिन्न आतङ्ककारी आश्रयस्थलहरूमा सुरक्षा बलहरूले कारबाही गरेका थिए। त्यस क्रममा भएको भीषण गोली हानाहानमा २७ आतङ्ककारी मारिएका हुन्।

मारिएका आतङ्ककारीबाट हतियार र गोलाबारुद बरामद गरिएको जनाइएको छ। ती समूहहरू उक्त क्षेत्रमा नागरिक लक्षित हत्या तथा विभिन्न आतङ्कवादी गतिविधिमा संलग्न रहेको बताइएको छ। सेनाले मिरान शाहमा स्थानीय प्रभावशाली व्यक्तित्व मलिक सैफुल्लाह दावरको हत्याको बदला लिइएको उल्लेख गर्दै उक्त आक्रमणमा संलग्न व्यक्तिहरूलाई कारबाहीमार्फत नियन्त्रणमा लिइएको जनाएको छ। क्षेत्रलाई पूर्ण रूपमा आतङ्कमुक्त बनाउन थप सफाइ अभियान जारी रहेको र यो कारबाही देशको जारी आतङ्कवादविरोधी अभियानको हिस्सा भएको सेनाले जनाएको छ।

# सुके पानीको 'मूल' बढ्यो सङ्कट

✍ गोपालप्रसाद बराल

महोत्तरी। बर्दिबास-१ का ७५ वर्षीय भक्त भण्डारी बस्तीको सिरानको पानीखोल्सीको अवस्था देखेर बिरक्तिनुहुन्छ। "यो खोल्सीको जरुवा दुई दशकअघि पहिलेको बर्दिबास क्षेत्रभरिकै खानेपानीको स्रोत थियो, अहिले त पानी बग्ने पहिलेको ठाउँमा सुक्खा छन्।" बर्दिबास-१ को सिरानको दाहाल्नी खोल्सीको पनि उस्तै हाल भएको उहाँ बताउनुहुन्छ।

बर्दिबासमात्र नभएर छिमेकको भङ्गाहा-४ पलारको जोकाहा भूल (जरुवा) मासिएको छ। एक समयमा जोकाहा भूलको पानी सम्झेर बटुवा टाढैदेखि तिर्खा साँचेर आउने गरेका पलारका ८५ वर्षीय चौठी बाँतरलाई हिजोझैँ लाग्छ। "जोकाहा मूल खानेपानीमात्र नभएर खेतको सिँचाइका लागि पनि प्रयोग गरिन्थ्यो, यसैको नाउँमा यहाँका खेत धान उत्पादनका लागि कहलिएको थियो", विगत सम्झदै उहाँ भन्नुहुन्छ, "देख्दादेख्दै यो मूल पुरियो, अहिले पानीको नाउँनिसान छैन।" भण्डारी र बाँतरजस्तै विजलपुरा जुडी टोलका ८० वर्षीय प्रमोदकुमार सिंह जुडी भूलले सिँचाइ हुने दुई दशकअघिको अब्बल जग्गा अब काँस पनि नउम्रने बनेको लामो सुस्केरा हाल्दै बताउनुहुन्छ। अब त पछिल्लो पुस्तालाई भूलबारे बताउन पनि दन्त्यकथा हाल्नुपर्ने अवस्था बनेको सिंह बिरक्तिँदै बताउनुहुन्छ।

महोत्तरीका पानीका जरुवा यसरी सुकेपछि बुढापाका भने 'के समय आयो ?' भन्दै पिरोलिएका भेटिन्छन्। सदावहार बहने जरुवा पानीका मुहान सुकेपछि यहाँको जनजीवनमा असर परेको छ। यसले बर्सेनि पानीको सङ्कट बढ्दो छ। खासगरी गर्मी याममा त रातु, मरहा र बाँके नदी शिरमा पनि खोल्साखोल्सीबाट झर्ने पानीका मुहान अहिले सबै सुकेका छन्। खोल्सीका जरुवा र नदीमात्र नभएर बर्दिबास, गौशाला र भङ्गाहा नगरक्षेत्रका इनार र चापाकल धमाधम सुक्दै गएपछि यी नगरक्षेत्रका कैयौँ बस्तीमा पानीको हाहाकार बढेको छ।

"ऊ हेर्नोस् न, इनारमा पानी देखिन छाड्यो, अब पानीबिना छटपटिने दिन आउँदैछ", बर्दिबास-७ मनहरिपुरका ३४ वर्षीय नीरबहादुर खत्री भन्नुहुन्छ, "कमसेकम पानी त ढुक्कले पाइयोस्, त्यो पनि हाम्रो भाग्यमा छैन।" पानीको अभावलाई भाग्यसँग जोड्ने उहाँले गर्मीयाममा पानीको हाहाकार भोग्नु आफूहरूको नियति नै बनेको बताउनुहुन्छ।

चुरे पहाडको फेदी र वनजङ्गल नजिक हुँदा यस भेगमा पानीको सङ्कट कम हुन पर्ने लख काटिन्छ। तर, जिल्लामा सबैभन्दा बढी पानीको समस्या यिनै नगरक्षेत्रमा पर्ने गरेको छ। चुरे र यसका शृङ्खलाबाट निस्कने खोल्साखोल्सी व्यवस्थित नगरिदा बर्सेनि गेगऱ्यान थुप्रिएर पानीका मुहान पुरिने गरेका छन्। जिल्लाको मध्य र दक्षिणी क्षेत्रको माटो चिम्ट्याइलो र लिसाइलो हुँदा भूमिगत सतहमा पानी चाँडै सुक्दैन। तर, उत्तरी क्षेत्रको माटो बालु गेगऱ्यान मिसिएको हुँदा गर्मी याममा यहाँको जग्गा चाँडै रुखिने र मुहान सुक्ने समस्या बढेको चुरे तथा जलाधारविज्ञ जिल्लाकै भङ्गाहा-७ मेघरोलका बासिन्दा डा. विजयकुमार सिंह बताउनुहुन्छ।

चुरे क्षेत्रका जलाधार क्षेत्रमा बलौटे गेगऱ्यान थुपरिएर पानीको मुहान पुरिनु, वनजङ्गल पातलिनु र पहाडी थुम्का र नदी किनारमा अनियन्त्रित उत्खनन नरोकिनुले यहाँ पानीको सतह गहिरिँदै गएको विज्ञहरूको भनाइ छ। "भएका मुहान पुरिएका छन्, जलाधार क्षेत्रको संरक्षण हुन सकेको छैन, वनक्षेत्रमा पुनर्भरण पोखरी बनाउन ध्यान पुगेको छैन", चुरे तथा जलाधार क्षेत्रको अध्ययनमै विद्यावारिधि गर्नुभएका डा. सिंह भन्नुहुन्छ, "हामी चेतेका छैनौँ, यही चालमा पानीको ठुलो सङ्कट बढ्ने देखिन्छ।" असन्तुलित वर्षा, खडेरीजस्ता विपद् चुरे र यस वरिपरिका जलाधार क्षेत्र संरक्षण गर्न नसकिनु पनि प्रमुख कारणमध्ये पर्ने उहाँको भनाइ छ।

मधेसमा दक्षिणको दशगजासम्मै र त्यस तल पनि पानीको मुख्य स्रोत चुरे नै भएको विज्ञ बताउँछन्। तर, मधेसको जीवनसँग जोडिएको चुरे संरक्षणमा पर्याप्त ध्यान नपुगेको अर्का चुरे, जलाधार तथा वातावरणविज्ञ डा. नागेन्द्रप्रसाद यादव बताउनुहुन्छ। यस कार्यमा तीनै तहका सरकारबिच आपसी सहकार्य र समन्वय हुनपर्ने डा. यादवको सुझाव छ। "अब पनि चुरे संरक्षणमा ध्यान नदिने हो भने जिल्लाको तल्लो भेगसम्मका जग्गा केही वर्षभित्रै मरुभूमि बन्नेछ," डा. यादव बताउनुहुन्छ।

बर्दिबास र गौशालामा खानेपानीका लागि खोल्सीका जरुवा, चापाकल र इनार मुख्य स्रोत हुन्। गर्मी याममा पछिल्ला दुई दशकयता खानेपानीको सङ्कट पर्दै गएको बर्दिबास-३ गौरीडाँडाका बासिन्दा सामाजिक अगुवा ७० वर्षीय तुलसीप्रसाद ढुङ्गाना सम्झनुहुन्छ। बर्दिबास र गौशालासँगै भङ्गाहा नगरपालिकाका तीन वटा वडा बस्तीमा पानीको सङ्कट पर्ने गरेको छ। इनार र चापाकल भङ्गाहा ३, ४ र ५ वडाभित्रका १२ भन्दा बढी बस्तीमा खानेपानीका मुख्य स्रोत हुन्। यसपालि हिउँदे वर्षा नभएको हुँदा जेठ तेस्रो साताको प्रचण्ड गर्मीकै बेला यहाँका अधिकांश इनार र चापाकल सुकेका भङ्गाहा-४ रामनगरका ६५ वर्षीय हरिदेव साह बताउनुहुन्छ।

यहाँ गर्मी याममा मानिसमात्र नभएर घरपालुवा पशुबस्तु, चराचुरुङ्गी र वन्यजन्तु पानीको सङ्कट झेल्दैछन्। पछिल्ला केही वर्षयता वनक्षेत्रका खोल्सी सुकेपछि बँदेल, दुम्सी र नीलगाईसहितका जन्तु आहारा र पानीको खोजीमा दक्षिणी क्षेत्रका बस्तीबस्तीभित्र पुगेका छन्। पानीको अभाव भोग्दै आएका सर्वसाधारणलाई अहिले वन्यजन्तु बस्तीबस्ती पसेपछि बाली र आफ्नै पनि सुरक्षाको चुनौती थपिएको भङ्गाहा-३ कटैया बस्तीकी ६० वर्षीया रामराजी यादवको भनाइ छ।

जिल्लामा लामो खडेरी पर्दा भने दक्षिणी क्षेत्रमा पनि खानेपानी कहिलेकाहीँ ठुलठुला ट्याङ्कीबाट वितरण भएको छ। "यसपालि त अहिलेसम्म चापाकलमा पानी आउँदैछ, पोहोर साल त बाहिरबाट ट्याङ्कीमा ओसारेर नगरपालिकाले वितरण गरेर बचाएको थियो," गत वर्षको दुःख सम्झँदै जलेश्वर-१ का ७० वर्षीय सुधीर साह सम्झनुहुन्छ।

पानीका स्रोतका मुहान धमाधम सुकेपछि अब बाली लगाउन र हुर्काउन कठिन बनेको सर्वसाधारणको पीडा छ। चुरे तथा जलाधारविज्ञ भने यिनको संरक्षणबिना महोत्तरीमात्र नभएर मधेसमै पानीको दीर्घकालीन समाधान पहिल्याउन नसकिने ठोकुवा गर्छन्। डा. सिंह भन्नुहुन्छ, "अब यसले गरेन, उसले गरेन भनेर दोष अन्त देखाएर समाधान छैन। स्थानीय तह, प्रदेश र केन्द्र सरकारबिचको समन्वयात्मक कामले मात्र यो समस्या समाधानतिर लान सकिन्छ।" ***रासस***

---

***साना...***

यसले नेपालका ४० लाखभन्दा बढी साना र भूमिहीन किसानको जीवनस्तर बदल्न सक्छ ? यसको स्पष्ट र दुःखद उत्तर हो– अहिलेकै अवस्थामा यसले गरीब किसानलाई कुनै ठोस न्याय र लाभ पुऱ्याउन सक्दैन। बजेटका प्रायः सबै ठुला र आकर्षक सुविधाहरू साना किसानको पहुँचभन्दा कोसौँ टाढा छन्। उदाहरणका लागि, ४० प्रतिशतको पुँजीगत अनुदान पाउन २ करोड लगानी गर्नुपर्ने सर्त साना किसानका लागि असम्भव र अपमानजनक छ। उद्योगहरूलाई दिइने भनिएको १० वर्षे कर छुट र भ्याट मिनाहाको लाभ प्रत्यक्ष रूपमा उद्योगपति र व्यापारीको बैङ्क खातामा मात्रै जम्मा हुन्छ, यसको फाइदा तल्लो तहका किसानसम्म पुग्न वर्षौं लाग्न सक्छ।

रासायनिक मलमा दिइएको अनुदान सैद्धान्तिक रूपमा राम्रो भए पनि वितरण प्रणालीमा रहेको चरम भ्रष्टाचार र 'कालोबजारी'का कारण मुख्य सिजनमा गरीब किसानले कहिल्यै सरकारी मूल्यमा मल पाउँदैनन्। उनीहरूले सधैँ बजारबाट महँगो कालो मूल्यमा वा सीमापारिबाट लुकाएर ल्याएको गुणस्तरहीन मल प्रयोग गर्नुपर्ने बाध्यता छ। ८० प्रतिशतको बीमा अनुदान सकारात्मक कदम भए पनि बाँकी २० प्रतिशत प्रिमियम रकम अग्रीम रूपमा बुझाउन धेरै विपन्न किसानसँग नगद पैसा हुँदैन। भूमि बैङ्क र एग्रो-पुलिङका कार्यक्रमहरू स्थानीय तहका कर्मचारी र टाठाबाठाहरूको स्वार्थका कारण वास्तविक भूमिहीन दलित र सीमान्तकृत किसानसम्म पुग्नै सक्दैनन्।

त्यस्तै, वेयरहाउस रिसिप्ट फाइनासिङ (गोदाम रसिद ऋण) को फाइदा केबल उनीहरूले लिन सक्छन्, जोसँग खाद्यान्न भण्डारण गर्ने क्षमता र बचत उत्पादन हुन्छ। नेपालका गरीब किसानहरू त आफ्नो बाली काट्नेबित्तिकै घरको ऋण तिर्न र दैनिक गुजारा चलाउन खेतबाटै २४ घण्टाभित्र आफ्नो उपज सस्तो र कौडीको भाउमा व्यापारीलाई बेच्न बाध्य हुन्छन्। अर्कोतर्फ, साना किसानहरूले बढी रुचाउने र पर्यावरण जोगाउने जैविक तथा प्राङ्गारिक कृषिका लागि सरकारले देशैभरिका लागि जम्मा ३६ करोड रूपैयाँको नाम मात्रको र हात्तीको मुखमा जिराजस्तै रकम छुट्याएको छ। तसर्थ, एक किसान अगुवाको यो भनाइ बिल्कुल सत्य साबित हुन्छ:

"यो बजेट सिंहदरबारमा बस्ने ठुला व्यापारी र दलालहरूको फाइदाको लागि डिजाइन गरिएको हो, गाउँमा हिलो माटोमा बस्ने साना किसानको लागि होइन।"

यदि कृषि उद्योगहरूले धेरै वर्षपछि प्रगति गरे भने दीर्घकालमा बजार अलिकति स्थिर हुन सक्ला र साना किसानले आफ्नो उपज बेच्न पाउलान्, तर त्यो अनिश्चित भविष्यको सङ्क्रमणकालीन समय साना किसानका लागि अत्यन्तै कष्टकर, पीडादायी र प्रतीक्षाको समय हुनेछ।

**आयात प्रतिस्थापन र आत्मनिर्भरताको लक्ष्य: यथार्थ कि काल्पनिक नारा ?**

सरकारले आगामी आर्थिक वर्षभित्र कृषि आयातमा २० प्रतिशत र प्रमुख खाद्यान्न (धान, मकै, गहुँ) को आयातमा ३० प्रतिशतसम्मको भारी कटौती गर्ने महत्त्वाकाङ्क्षी लक्ष्य घोषणा गरेको छ। तर, कृषि अर्थशास्त्रको दृष्टिकोणबाट हेर्दा, आयात प्रतिस्थापन उत्पादनको क्षेत्र मात्रै बढाएर सम्भव हुँदैन; यसका लागि उत्पादकत्वमा व्यापक र क्रान्तिकारी वृद्धि गर्नु अनिवार्य हुन्छ। उदाहरणका लागि, नेपालको धानको वर्तमान उत्पादकत्व प्रतिहेक्टर ३.८ टन छ। हामीले आधुनिक प्रविधि, समयमै सिँचाइ र गुणस्तरीय बीउको उपलब्धता गराएर यस उत्पादकत्वलाई प्रतिहेक्टर ५.५ टनसम्म मात्र पुऱ्याउन सक्यौँ भने हालकै खेती भइरहेको १.४५ लाख हेक्टर जमीनबाट थप २० लाख मेट्रिक टनभन्दा बढी धान उत्पादन देशभित्रै सम्भव हुन्छ। यसले नेपालको हालको वार्षिक ७ लाख टनको चामल आयातलाई पूर्ण रूपमा प्रतिस्थापन गरेर देशलाई धानमा बचतको स्थितिमा पुऱ्याउन सक्छ।

तरकारी, दुग्ध व्यवसाय र कुखुरापालन (पोल्ट्री) क्षेत्रमा पनि अल्पकालीन रूपमा आयात पूर्ण रोक्न सकिने बलियो सम्भावना छ किनकि यी क्षेत्रमा स्वदेशी उत्पादकहरूको राम्रो उपस्थिति छ। तर, खाद्य तेल, रासायनिक मल, भारी कृषि मेसिनरी (ट्याक्टर, हार्वेस्टर) र व्यावसायिक पशु दानाका लागि आवश्यक पर्ने कच्चा पदार्थ (भटमासको पिना र मकै) को आयात तुरुन्तै प्रतिस्थापन गर्न नेपालका लागि निकै गाऱ्हो र फलामको च्युरा चपाउनुसरह छ। खाद्य तेलको आयात रोक्न देशमा तोरी खेतीको क्रान्ति नै गर्नुपर्ने हुन्छ र स्वदेशी मिलहरूको आधुनिकीकरण आवश्यक पर्दछ, जसतर्फ बजेट मौन छ।

यसकारण, १ वर्षमै ३० प्रतिशत आयात घटाउने सरकारी दाबी पूर्ण रूपमा राजनीतिक र काल्पनिक नारा मात्रै हो। यथार्थपरक रूपमा भन्ने हो भने नेपालले १५ देखि २५ प्रतिशतसम्म कृषि आयात घटाउनका लागि कम्तीमा ५ देखि १० वर्षको निरन्तर र केन्द्रित मिहिनेत गर्नुपर्ने हुन्छ। त्यो पनि तब मात्र सम्भव हुन्छ, जब देशमा बलियो कार्यान्वयन संयन्त्र हुनेछ र खुला सीमानामा कडा फाइटोसेनेटरी क्वारेन्टाइन जाँच, कडा गुणस्तर नियन्त्रण र स्वदेशी किसानलाई बचाउन विदेशी कृषि उत्पादनमा उचित संरक्षण शुल्क लगाउन सक्ने राजनीतिक साहस सरकारले देखाउनेछ।

वास्तविक आयात प्रतिस्थापनका लागि केबल अनुदान दिएर पुग्दैन; खेतदेखि बजारसम्म जोड्ने कृषि सडक, ग्रामीण क्षेत्रमा शीतभण्डार र कोल्ड चेन नेटवर्क, उचित मूल्य पाउने बजारको ग्यारेन्टी र युवालाई आकर्षित गर्ने प्याकेज आवश्यक पर्दछ। हालको बजेट रासायनिक-गहन र पुँजी-गहन मोडलमा नराम्रोसँग अड्किएको हुनाले यसले तात्कालिक रूपमा केही उत्पादन बढाए पनि दिगोपनको पूर्णता दिन सक्दैन। जलवायु-अनुकूल बीउ, वर्षाको पानी सञ्चयन, थोपा र सूक्ष्म सिँचाइ तथा जैविक विविधता जोगाउने कृषि-पारिस्थितिकी पद्धतिको बेवास्ता गरेर नेपालको कृषि कहिल्यै आत्मनिर्भर बन्न सक्दैन।

**बिर्सिएको केन्द्रबिन्दु र भावी रणनीति**

नेपालको कृषिको वास्तविक भविष्य र खाद्य सुरक्षाको साँचो देशका ९० प्रतिशत साना, सीमान्तकृत र महिला किसानहरूको हातमा सुरक्षित छ। तर, वर्तमान बजेट र सरकारी नीतिहरूले सधैँ यिनै साना किसानहरूलाई आफ्नो योजनाको केन्द्रबिन्दुबाट बाहिर राख्ने गरेका छन्। देशको वास्तविक कृषि रूपान्तरण गर्ने हो भने हामीले कृषि रणनीतिको केन्द्रबिन्दु नै परिवर्तन गरी साना किसान र सहकारी प्रणालीतर्फ सोझ्याउनुपर्छ। यसका लागि साना किसानमैत्री अनुदान कार्यक्रमहरू ल्याउनु आवश्यक छ, जसमा २ करोडको सर्त हटाएर साना किसान सहकारीहरूमार्फत समूहगत ग्यारेन्टीमा ५ लाख रूपैयाँसम्मको लगानीमा पनि ४० प्रतिशत अनुदान पाउने व्यवस्था गरिनुपर्छ।

ग्रामीण क्षेत्रमा कृषि ऋणको पहुँच अझै कठिन छ; साना किसानहरू स्थानीय साहुमहाजन र मिटरब्याजीको जालमा परिरहेका छन्। त्यसैले विनाधितो, सरल प्रक्रियामा ३ देखि ५ प्रतिशतको सस्तो कृषि ऋण सिधै किसानको हातमा पुग्ने वातावरण स्थानीय बैङ्कहरूमार्फत मिलाइनुपर्छ। ठुला र अर्बौंका सिँचाइ आयोजना वर्षौंसम्म सम्पन्न नहुने हुनाले पहाडी र दुर्गम क्षेत्रका लागि साना सामुदायिक सिँचाइ, पोखरी निर्माण र सौर्य ऊर्जामा आधारित पम्पिङ सिँचाइलाई प्राथमिकता दिनुपर्छ।

साथै, महिला किसानहरू जसले पुरुष पलायनका कारण नेपालको सिङ्गो ग्रामीण कृषि धानेका छन्, उनीहरूको नाममा भूमिको स्वामित्व हस्तान्तरण गर्ने र महिला उद्यमशीलताका लागि विशेष प्रविधि र तालिम प्रदान गर्ने राष्ट्रिय अभियान सुरू गरिनुपर्छ। कृषिलाई दिगो बनाउन जैविक प्रविधि, एकीकृत शत्रुजीव व्यवस्थापन (आईपीएम), स्थानीय रैथाने बीउबिजनको संरक्षण र मौरीपालनजस्ता परागसेचनमैत्री कृषिलाई विद्यालय र कलेज स्तरदेखि नै प्रवर्द्धन गरी युवालाई आफ्नै माटोमा उद्यम गर्न उत्प्रेरित गर्ने नीति राष्ट्रले अङ्गीकार गर्नु आजको मुख्य आवश्यकता हो।

**अवसर कि अर्को छुटेको मौका ?**

समग्रमा, आर्थिक वर्ष २०८३/८४ को यो कृषि बजेट पूर्ण रूपमा नकारात्मक वा असफल दस्ताबेज होइन। यसभित्र आन्तरिक हरित युरिया कारखाना स्थापनाको दूरगामी सोच, सिँचाइ पूर्वाधार विकासको पहल, ८० प्रतिशतको बाली तथा पशु बीमाको आर्थिक सुरक्षा, भूमि बैङ्कको अवधारणा र कृषि प्रशोधन उद्योगहरूलाई दिइएको १० वर्षे आयकर छुटजस्ता कैयौँ रणनीतिक कार्यक्रमहरू समावेश छन्, जसले सही दिशा पाएमा नेपालको कृषि रूपान्तरणको एउटा बलियो आधार तयार गर्न सक्छ।

तर, हामीले यो बिर्सनु हुँदैन कि कृषि क्षेत्रको वास्तविक रूपान्तरण र किसानको मुक्तिको यात्रा केवल सिंहदरबारबाट रासायनिक मलको कोटा बढाएर, ठुला व्यापारीलाई अनुदान बाँडेर वा कागजमा कर छुटको घोषणा गरेर मात्र कहिल्यै सम्भव हुँदैन। नेपालको कृषिलाई साँचो अर्थमा पुनर्जीवित गर्ने हो भने देशमा क्रान्तिकारी भूमिसुधार र भूमिको वैज्ञानिक चक्लाबन्दी, साना किसानका लागि पहुँचयोग्य सस्तो कृषि कर्जा, जलवायु-स्मार्ट प्रविधिको विस्तार, कृषि अनुसन्धान र प्रसार सेवाको व्यापक सुदृढीकरण, गाउँगाउँमा भण्डारण र कोल्ड चेनको पूर्वाधार, मौरी र परागसेचन सेवाको वातावरणीय संरक्षण र युवा पुस्तालाई आकर्षित गर्ने आधुनिक कृषि उद्यमशीलताको खाँचो पर्दछ। यी सबै कार्य सफल बनाउन देशमा एउटा यस्तो स्थिर र दीर्घकालीन कृषि नीति चाहिन्छ, जुन राजनीतिक उतारचढाव र सरकार परिवर्तनसँगै कहिल्यै नबदलियोस्।

कृषि क्षेत्रको उज्ज्वल भविष्य बजेटको अङ्क र आकारमा होइन, बरु त्यसको भुइँ तहमा हुने इमानदार र प्रभावकारी कार्यान्वयन प्रणालीमा निर्भर गर्दछ। यदि यस बजेटका सकारात्मक कार्यक्रमहरू राजनीतिक पूर्वाग्रहविना देशका विकट गाउँसम्म पुगे, वास्तविक पसिना बगाउने किसानको खेतसम्म पुगे र उत्पादनसँगै उत्पादकत्व बढाउन सफल भए भने यसले नेपालको खाद्य सुरक्षा, ग्रामीण अर्थतन्त्रको विकास र राष्ट्रिय स्वाधीनतालाई एउटा नयाँ र ऐतिहासिक दिशा दिनेछ।

तर, यो बजेट पनि विगतका दशकौँका धेरै योजना र बजेट भाषणहरूजस्तै केवल कर्मचारीको प्रतिवेदन र कागजमै सीमित रह्यो भने देशमा बढ्दो खाद्य आयातको चक्र, उर्वर भूमिको बाँझोपन, बेरोजगार युवाको ताँती र ऋणको चक्रमा परेका सङ्कटग्रस्त किसानहरूको आत्महत्या र पलायनको पीडादायी कथा अझ गहिरिँदै र भयावह बन्दै जानेछ। अब प्रश्न बजेटमा के लेखियो भन्ने होइन, बरु लेखिएका कुरालाई जमीनमा उतार्ने राजनीतिक इच्छाशक्ति, सुशासन, भ्रष्टाचारमुक्त प्रशासन र दृढ कार्यान्वयनको हो। खेतबारीमा पसिना बगाउने किसानले बजेटको भाषण होइन, आफ्नो खेतमा पानी, समयमा मल र दूधको दाम खोजेका छन्। सिंहदरबारले त्यो आवाज सुनोस्।

**सरोकारवालाका लागि सुझाउ :**

रासायनिक मलमा मात्रै विनियोजन गरिएको ७० प्रतिशतको अत्यधिक बजेट हिस्सालाई अलिकति कटौती गरी त्यसबाट कम्तीमा ५ प्रतिशत रकम जलवायु-अनुकूल उन्नत बीउ प्रणालीमा, ५ प्रतिशत किसान फिल्ड स्कूल र प्रसार सेवामा र ५ प्रतिशत ग्रामीण तहमा शीतभण्डार निर्माणमा तुरुन्तै पुनर्विनियोजन गरियोस्।

पुँजीगत अनुदानको २ करोडको न्यूनतम लगानीको सीमालाई तत्काल संशोधन गरी साना किसान सहकारी र समूहहरूका लागि ५ लाख रूपैयाँसम्मको सामूहिक लगानीमा पनि ४० प्रतिशत अनुदान पाउने गरी कार्यविधि बनाइयोस्।

**कृषि मन्त्रालय र प्रादेशिक सरकारका लागि**

रासायनिक मलको वितरणमा हुने भ्रष्टाचार र कालोबजारी रोक्न तत्काल डिजिटल र किसानको बायोमेट्रिक पहिचानमा आधारित 'एकल बिन्दु वितरण प्रणाली' (सिङ्गल विन्डो सिस्टम) लागू गरियोस् र स्थानीय तहमा मलको मौज्दात दैनिक रूपमा सार्वजनिक गरियोस्। चितवनलगायत देशभरिका दुग्ध किसानहरूको वर्षौंदेखिको बक्यौता भुक्तानी गर्न सरकारले तुरुन्तै कम्तीमा १ अर्ब रूपैयाँको आपत्कालीन कोष रिलिज गरी किसानको ऋण चुक्ता गरोस्, अन्यथा किसानहरू पलायन भएमा आगामी बजेट पूर्ण असफल हुनेछ।

देशमा धानको उत्पादकत्व बढाउन आधुनिक कृषि प्रविधि (जस्तैः एसआरआई प्रविधि, लेजर ल्यान्ड लेभलिङ र उन्नत बीउ) को प्रयोग गरी आगामी ५ वर्षभित्र उत्पादकत्व प्रतिहेक्टर ५.० टनसम्म पुऱ्याउने लक्ष्यका साथ एउटा राष्ट्रिय 'धान उत्पादकत्व वृद्धि मिसन' घोषणा गरी लागू गरियोस्।

**गाउँपालिका र नगरपालिकाका लागि**

आफ्नो क्षेत्रभित्र रहेका सम्पूर्ण बाँझो जमीन र अनुपस्थित जग्गाधनीहरूको लगत सङ्कलन गरी 'स्थानीय भूमि बैङ्क' लाई तत्काल सक्रिय बनाइयोस् र उक्त जमीन भूमिहीन, गरीब र दलित किसानहरूलाई सस्तो दरमा भाडामा उपलब्ध गराइयोस्।

८० प्रतिशतको सरकारी बीमा अनुदानको उपयोग गर्दै गाउँका शतप्रतिशत साना किसान र पशुहरूको अनिवार्य बीमा गराइयोस् र गरीब किसानका लागि प्रिमियमको बाँकी २० प्रतिशत रकम स्थानीय तहले नै बेहोर्ने वा बाली काट्ने समयमा भुक्तानी गर्न मिल्ने व्यवस्था मिलाइयोस्।

**विकास साझेदार, नागरिक समाज र विकास कार्यकर्ताका लागि**

कृषि बजेटको खर्च र मल वितरणको अवस्थाबारे प्रत्येक तीन-तीन महिनामा गाउँ र जिल्ला तहमा स्वतन्त्र 'छाया प्रतिवेदन' र सार्वजनिक सुनुवाइ गरी नागरिक निगरानी बढाइयोस् र भ्रष्टाचार उजागर गरियोस्।

साना र सीमान्तकृत किसानहरूका लागि मात्रै लक्षित गरी कम लागतको प्रविधि (जस्तैः थोपा सिँचाइ, प्लास्टिक टनेल, सानो सौर्य पम्प र गड्यौला मल उत्पादन) मा जोड दिन एउटा छुट्टै 'साना किसान प्रविधि कोष' स्थापनाका लागि नीतिगत वकालत गरियोस्।

रासायनिक मल, बीउ र पुँजीगत अनुदान कहाँ र कसले पायो भनी थाहा पाउन सूचनाको हक (आरटीआई) सम्बन्धी कानुनको प्रयोग गरी स्थानीय तहका कृषि शाखाहरूबाट नियमित विवरण माग गरियोस् र वास्तविक किसानको हक अधिकारका लागि जिल्ला-जिल्लामा 'किसान सतर्कता समिति' गठन गरियोस्।

*(मौरी र पारिस्थितिकीय प्रणालीबारे विद्यावारिधि गरेका रिजाल बाली संरक्षण विज्ञ हुन्।)*

***- हिमाल खबर डटकमबाट***

## हार्दिक समवेदना



जन्म
२०३०/१०/०२

स्वर्गारोहण
२०८३/०२/२०

नेपाल मजदुर किसान पार्टी, सूर्यविनायक न.पा. ७ नं. वडा कमिटीका अति मिलनसार तथा सहयोगी मित्र **न्हुच्छेबहादुर कोजु**को असामयिक स्वर्गारोहण भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नेपाल मजदुर किसान पार्टी**
सूर्यविनायक न.पा. ७ नं. वडा कमिटी
किवाचोक, भक्तपुर



## सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं

- सडक, पार्क, विद्यालय, अस्पताल जस्ता संरचनामा तोडफोड नगरौं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहोर नगरौं,
- विद्युत, पानी तथा अन्य स्रोतको बचत गरौं,
- सरकारी सामग्रीको दुरुपयोग र हिनामिना हुन नदिऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,

सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड


*शिक्षालाई...*

भनी शुभकामना दिनुभयो ।

वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले नन क्रेडिट कोर्समार्फत दिइने सीपले विद्यार्थीहरूमा क्षमता अभिवृद्धि गर्ने र रोजगारमा संलग्न हुने भएकोले यस्ता कक्षाहरूको निरन्तरतामा जोड दिनुभयो ।

कार्यक्रममा वागीश्वरी कलेजको मानविकी सङ्काय इन्चार्ज राजन फेलु, शिक्षिका अविना श्रेष्ठ र प्रशिक्षार्थी राज कुस्माले पनि तालिमको औचित्यबारे प्रकाश पार्नुभयो ।


## हार्दिक समवेदना



जन्म : २०११/०७/२१
निधन: २०८३/०२/०१

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ८ जेंला टोल बस्ने यस संस्थाका सदस्यता नं. ७३९४ का सदस्य **हरिनारायण पछिजु**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर



## हार्दिक समवेदना



जन्म
२००२/०१/१८

स्वर्गारोहन
२०८३/०२/१४

नेपाल मजदुर किसान पार्टी तालाक्व एकाइ समितिका सदस्य लक्ष्मीप्रसाद प्रजापतिलगायत पार्टीका शुभचिन्तकहरू रामप्रसाद प्रजापति, श्यामसुन्दर प्रजापति, शहदेव प्रजापति, सकुल प्रजापतिकी श्रद्धेय माता **नानीछोरी प्रजापति**को असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नेपाल मजदुर किसान पार्टी**
भनपा-४, तालाक्व एकाइ समिति


## पाठक पत्र

# कुनै पनि रूपको भ्रष्टाचार सही हुन सक्दैन

हिजो-अस्ति भक्तपुरको सबभन्दा पुराना मा.वि.को स-साना बालबालिकाका विद्यार्थीको खाजाको स्तर र खर्च समाचार सामाजिक सञ्जालमा आइरहेका छन् तर खण्डन आएको छैन ।

भक्तपुरको अर्को 'ठुला' नाउँ चलेको विद्यालयको तल्लो कक्षाको खाजामा भएको भ्रष्टाचार तत्काल रोकेन भने त्यसमा संलग्न सबै शिक्षक, शिक्षिका र कामदारहरूको नाम र कर्तुतहरू खोलिने छन् ।

आश्चर्य के छ भने सञ्चालक समितिका जिम्मेवार व्यक्तिले समेत त्यसमा चासो नदेखाएको हो वा लहरो तान्दा पहरो भत्कने डरले बेवास्ता गरेको हो कि भन्ने अड्कल गरिँदै छ ।

भ्रष्टाचार विद्यालय वा सहकारी संस्थामा जहाँ भए पनि भक्तपुर नगरपालिकाभित्र नेमकिपालाई दोष दिने नैतिक अधिकार जनताले पाएको अनुभव गर्छन् ।

तल्लो कक्षामा दूध-दही र अन्य खाद्य सामानमा चर्को मूल्य बिल बनाएर ठुलो भ्रष्टाचार गरेका छन् । त्यसमा केही शिक्षक, शिक्षिका र कर्मचारीहरू संलग्न रहेको बताउँछन् ।

बाहिरबाट आएका शिक्षकहरूले पनि ट्युशन पढाउने नाममा रकम असुलेकोमा अभिभावकहरू रूष्ट छन् । समयमा ध्यान दिनु सबैको लागि हितकर हुन्छ ।

*- एक अभिभावक*

*चीन...*

बनाउँदै आधिपत्यवाद र जबरजस्ती राजनीति विरुद्ध मिलेर उभिनुपर्ने उल्लेख गर्नुभएको छ । उहाँले बहुध्रुवीय विश्व व्यवस्थाको निर्माणका लागि दुवै देशबिच सहकार्य आवश्यक रहेको पनि बताउनुभएको छ ।

विश्लेषकहरूका अनुसार चीनले प्रजग कोरियालाई समूह पर्यटक भ्रमण पुनः सुरु गर्ने, खाद्यान्न तथा मल आपूर्ति बढाउने र संयुक्त आर्थिक परियोजनाहरू विस्तार गर्ने प्रस्ताव गर्न सक्छ ।

भ्रमणको अर्को महत्त्वपूर्ण पक्ष प्रजग कोरियाको आणविक कार्यक्रम हो । विज्ञहरूका अनुसार सीले किममाथि प्रत्यक्ष रूपमा आणविक निःशस्त्रीकरणको दबाब दिनुभन्दा कोरियाली प्रायःद्वीपमा शान्ति र स्थिरताको सन्देशमा जोड दिनसक्नुहुन्छ । किम भने प्रजग कोरियालाई आणविक शक्तिसम्पन्न राष्ट्रका रूपमा अन्तर्राष्ट्रिय मान्यता दिलाउने प्रयासमा केन्द्रित देखिनुहुन्छ ।

गत महिना ट्रम्प र सीबिच भएको भेटपछि अमेरिकी पक्षले प्रजग कोरियाको आणविक निःशस्त्रीकरणलाई साझा लक्ष्यका रूपमा पुनः पुष्टि गरिएको जनाएको थियो । तर, चीनले कोरियाली प्रायःद्वीपको आणविक विषयमा छलफल भएको मात्र उल्लेख गरेको थियो । आइतबार किमकी बहिनी तथा वरिष्ठ अधिकारी किम यो जोङले अमेरिकी व्याख्यालाई 'भ्रामक' भन्दै अस्वीकार गर्नुभएको थियो ।

यसैबिच एक दिनअघि नेता किम जोङ उनले हालै नयाँ आणविक सामग्री उत्पादन केन्द्रको अवलोकन गर्दै देशको आणविक क्षमता तीव्रगतिमा विस्तार गर्ने प्रतिबद्धता दोहोऱ्याउनुभएको छ । उहाँले नयाँ युद्धपोतको समुद्री परीक्षणसमेत अवलोकन गर्दै परमाणु हतियारयुक्त नौसैनिक शक्ति निर्माणलाई तीव्र बनाउन निर्देशन दिनुभएको थियो ।

अमेरिका र दक्षिण कोरियाबाट आएका वार्ताका प्रस्तावहरू अस्वीकार गर्दै आएको प्रजग कोरियाले आफ्नो आणविक कार्यक्रम विस्तारलाई प्राथमिकतामा राखेको छ । त्यसैले सी चिनफिङको यो भ्रमणलाई केवल दुई देशबिचको नियमित कूटनीतिक भेटघाट नभई उत्तरपूर्वी एसियाको बदलिँदो शक्ति समीकरणलाई प्रभावित पार्ने महत्त्वपूर्ण घटनाका रूपमा हेरिएको छ ।


## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

**संस्थाको सञ्चालक समितिको मिति २०८३/०२/२१ गतेको बैठकको निर्णयानुसार मिति २०८३/०२/२३ गतेदेखि लागु भएको बचत सेवा र ऋण सुविधाको ब्याजदर**

| बचतको प्रकार | ब्याजदर | ऋण सुविधा | ब्याजदर |
|---|---|---|---|
| नियमित बचत | ४% | किस्ताबन्दी ऋण | ५.५% |
| | | नव उद्यम/आकस्मिक व्यवसायिक | ५.५% |
| स्वास्थ्य बचत | ४% | कृषि/स्वास्थ्य/नवनिर्माण | ६.५% |
| बाल बचत | ४% | शैक्षिक | ७% |
| | | घर निर्माण | ७% |
| शेयर डिपोजित बचत | २% | जमानी (बचत/शेयर र सदस्य) | ७% |
| ऐच्छिक बचत | १% | व्यापार/व्यवसाय/सरल व्यवसायिक | ७.५% |
| दैनिक बचत | १% | उद्योग/पशुपंक्षी पालन/सामूहिक | ७.५% |
| समृद्धि बचत | १% | हायरपर्चेज/सवारी साधन | ७.५% |
| | | दैनिक बचत ऋण | ७.५% |
| **आवधिक बचत:** (१ वर्षे) | २.२५% | लघुवित्त समूह जमानी | ७.५% |
| | | पेसागत ऋण | ७.५% |
| | | उपभोग्य/घरायसी | ८% |
| ज्येष्ठ नागरिक बचत (१ वर्षे) | २.५% | घरजग्गा खरिद | ८.५% |
| | | निक्षेप कर्जा/बचत सरह | थप २% |

### गतिविधि



जोखिम व्यवस्थापन कार्यशालामा संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण उपसमति र विभागीय प्रमुखहरूको सहभागीता ।



संस्थाका सञ्चालक सदस्य राधेश्याम सैंजुज्यूलाई गुँडगाउ, हरियाना, भारतमा हुने तालिमको लागि बिदाइ गरिँदै ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE



## हार्दिक समवेदना



जन्म
१९९५/०६/१४

स्वर्गारोहन
२०८३/०२/१७

यस शरणेश्वर (ग:महाद्यो) भजन खल:का सदस्यद्वय गणेशलाल ह्यङ्गोजु र आशकुमार ह्यङ्गोजुकी पूज्य माता **मोहनकेशरी ह्यङ्गोजु**को दु:खद निधन भएको आज दसौं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हामी आत्मीय समवेदना व्यक्त गर्दछौं ।

**शरणेश्वर (ग:महाद्यो) भजन खल:**
लिबाली, वडा नं.-८, भक्तपुर



"आर्थिक समृद्धिका लागि बाराही सहकारी"
**श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.**
Shree Barahi Saving & Credit Co-operative Society Ltd.
ACCESS BRONZE
भुलाँचा-४, भक्तपुर, फोन नं. ६६११३६४

# ऋणको सावाँ ब्याज तिर्न आउनेसम्बन्धी ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०२/२६

यस श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. बाट विभिन्न शीर्षकहरूमा ऋण सुविधा उपभोग गरिरहनुभएका ऋणी सदस्यहरूको ऋणको किस्ता ब्याज नियमित नभएको, ऋणको समयावधि समाप्त भइसकेका ऋणी तथा धनजमानीहरूलाई पटकपटक लिखित तथा मौखिक ताकेता गर्दासमेत बेवास्ता गरी संस्थामा आफूले बुझाउनुपर्ने सावाँ, किस्ता, ब्याज नबुझाएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: आफूले बुझाउनुपर्ने किस्ता, सावाँ/ब्याज/हर्जनासमेत यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र संस्थामा बुझाउनु हुन अनुरोध गरिन्छ ।

यो सूचनाको बेवास्ता गरी संस्थामा बुझाउनुपर्ने रकम नबुझाएको खण्डमा सहकारी ऐन-२०७४, सहकारी नियमावली-२०७५ र संस्थाको ऋण व्यवस्थापन नीतिबमोजिम संस्थाको सूचनापाटी, सामाजिक सञ्जाल तथा राष्ट्रिय दैनिक पत्रिकामा ऋणीको फोटो र तीनपुस्ते विवरणसहितको नामावली प्रकाशित गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारीको लागि अनुरोध छ । उक्त प्रकाशित सूचनाबाट ऋणी र ऋणीको परिवारको व्यक्तिगत प्रतिष्ठामा आँच वा ठेस पुग्न गएमा संस्था जवाफदेही हुनेछैन ।

**पुनश्च**: यस अवधिभित्र तिर्नु बुझाउनुपर्ने बिलम्ब शुल्कमा सहुलियत स्वरूप विशेष छुटको व्यवस्था गरिएको छ ।


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा